जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



हार्दिक शुभकामना

मित्रराष्ट्र भारतको ८० औं स्वतन्त्रता दिवसको सुखद अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

रेडियो टुडे ९१ मेगाहर्ज | टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल | जनकपुर टुडे राष्ट्रिय दैनिक

परिवार, जनकपुरधाम



वर्ष २८ • अंक ८७ • २०८३ साल साउन ३० गते शनिबार (15 August, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–


# विशेष महाधिवेशनको नाममा पार्टीलाई कमजोर बनाइयो : देउवा

**टुडे समाचारदाता**

काठमाण्डू । नेपाली कांग्रेसको संस्थापन इतर समूहले आयोजना गरेको राष्ट्रिय भेलामा सहभागी नेताहरूले पार्टीको आन्तरिक एकता र वैधानिकतामाथि जोड दिएका छन् ।

भेलाका प्रमुख अतिथि पार्टीका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले विशेष महाधिवेशनका नाममा पार्टीको विधि र विधान मिचेर कांग्रेसलाई कमजोर बनाइएको दाबी गरे ।

पाँच महिना लामो स्वास्थ्य उपचारपछि स्वदेश फर्किएलगत्तै काठमाण्डूमा शुक्रबार आयोजित राष्ट्रिय भेलालाई सम्बोधन गर्दै देउवाले यस्तो बताएका हुन् । उनले कांग्रेसले विगतमा केही गरेन भन्ने भाष्य गलत भएको टिप्पणी समेत गरे ।

पार्टीभित्रको आन्तरिक विवादबारे बोल्दै देउवाले विशेष महाधिवेशनले पार्टीलाई क्षति पुऱ्याएको दाबी गरे । 'विशेष महाधिवेशनका नाममा विधि विधान मिच्ने काम भएको छ, जसले पार्टीलाई कमजोर बनाएको छ,' उनले भने, 'यस विषयमा सर्वोच्च अदालतबाट न्याय मिल्नेछ भन्नेमा म विश्वस्त छु ।'

देउवाले पार्टीभित्र बृहत्तर एकताको आवश्यकता औंल्याउँदै सबै नेता-कार्यकर्तालाई एकजुट हुन आह्वान गर्दै भने 'सबै साथीहरूलाई न्याय हुने र सबैको भावनाको कदर हुने गरी एकता खोज्न आवश्यक छ,' उनले भने, 'जनताको अधिकार र भूमिकाका लागि म जुनसुकै त्याग गर्न तयार छु ।'



भेलालाई सम्बोधन गर्दै अधिकांश वक्ताले विशेष महाधिवेशनको औचित्यमाथि प्रश्न उठाउँदै विधान र लोकतान्त्रिक मूल्यमान्यता अनुसार पार्टी सञ्चालन हुनुपर्ने धारणा राखेका हुन् । उनीहरूले देशको राष्ट्रियता संकटमा परेको भन्दै पार्टीभित्रको गुटबन्दी अन्त्य गरी एकताबद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले अहिले मुलुकको राष्ट्रियता गम्भीर संकटमा रहेको बताउँदै यसको रक्षाका लागि पार्टीको आन्तरिक एकता पहिलो सर्त भएको उल्लेख गरे। बीपी कोइरालाले मेलमिलापको नीति लिएर स्वदेश फर्किएको समयभन्दा अहिलेको परिस्थिति सयौं गुणा बढी चुनौतीपूर्ण रहेको उनको दाबी छ ।

अर्का नेता डा. शेखर कोइरालाले पनि मुलुक संकटग्रस्त अवस्थाबाट गुज्रिरहेको र देशको अस्तित्व तथा राष्ट्रियतामाथि खतरा उत्पन्न भएको बताए । 'यो परि स्थिति किन निर्माण भयो भन्नेबारे हामीले गम्भीर समीक्षा गर्न आवश्यक छ,' संसद् र प्रेस स्वतन्त्रताको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उनले भने, 'यसलाई चिर्न नेपाली कांग्रेसले नै नेतृत्वदायी भूमिका खेल्नुपर्छ ।'

पूर्वउपसभापति विमलेन्द्र निधिले पनि १५ औं महाधिवेशन गर्ने वैधानिक अधिकार १४ औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मात्र भएको स्पष्ट पारे । उनले भने 'धोखाधडी वा कब्जा गरेर बनाइएका कुनै पनि विशेष महाधिवेशन वा कमिटीलाई १५ औं महाधिवेशन गराउने कुनै अधिकार छैन ।'

भेलामा पूर्व उपसभापति प्रकाशमान सिंह, नेताहरु विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा. प्रकाशशरण महत, रमेश लेखक, नारायणप्रकाश साउद र मोहनबहादुर बस्नेत लगायतका नेताहरुले १४ औं महाधिवेशन अवैधानिक रहेको ठहर गर्दै १५ औं अधिवेशन पार्टी सभापति देउवाको नेतृत्वमा गरिनुपर्नेमा जोड दिएका थिए ।

यसैबीच भेलाको उद्घाटन सत्र सम्पन्नपछि दोश्रो दिन शनिवार बन्द गरिने कार्यक्रमको कार्यतालिका पनि सार्वजनिक गरिएको छ। सार्वजनिक कार्यतालिका अनुसार भोलि बिहान ७ बजेदेखि ९ बजेसम्म सुकेधारास्थित मिराकल पार्टी भेन्यूमै खाजाको समय तोकिएको छ। त्यसपछि ९ बजेबाट बन्दसत्र सुरु हुने कार्यतालिका रहेको सचिवालय संयोजक दीपक कुइँकेलले जानकारी दिएका छन् । कार्यतालिका अनुसार बन्दसत्रको सुरुमा ९ बजेदेखि १२ बजेसम्म छलफलका विभिन्न प्रस्तावहरू प्रस्तुत हुनेछन् ।

जसमा राजनीतिक प्रस्ताव विमलेन्द्र निधि, आर्थिक प्रस्ताव डा. प्रकाशशरण महत, समसामयिक विषयका प्रस्ताव एनपी साउद, सांगठनिक प्रस्ताव उमाकान्त चौधरी र कानुन तथा विधानका प्रस्ताव रमेश लेखकले प्रस्तुत गर्नेछन् । १२ बजेदेखि २ बजेसम्म बिहानको खानाको समय तोकिएको छ । त्यसपछिको कार्यतालिका भोलि नै सार्वजनिक हुने बताइएको छ ।

## भारतको झारखण्डमा बस दुर्घटना : तीन तीर्थयात्रीको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको झारखण्ड राज्यको कोडरमा जिल्लास्थितसतगावाँथानाक्षेत्रमा बस र मालवाहक ट्रक ठोक्किँदा रौतहटका तीन तीर्थयात्रीको मृत्यु भएको छ ।

रौतहटको गरुडा नगरपालिका-६ स्थित पोठियाहीबाट बोलबम यात्राका लागि वैद्यनाथ धाम गएका ४५ जना तीर्थयात्री सवार ना. ६ ख १५५४ नम्बरको बस शुक्रबार बिहान करिब ३ बजे दुर्घटनामा परेको छ ।

सो दुर्घटनामा पोठियाहीका ६० वर्षीय नवल जयसवाल, उनकी श्रीमती र १० वर्षीय शिवम महतोको मृत्यु भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । अन्य यात्रु घाइते भएका छन् ।रौतहट प्रहरीले जनाए अनुसार ट्रकसंग ठोक्किएपछि बसको अगाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो । घाइतेहरूको उद्धार गरी नजिकका अस्पतालमा उपचार भइरहेको बताइएको छ ।

प्रारम्भिक अनुसन्धानमा चालकलाई अत्यधिक निद्रा लागेको हुनसक्ने आशंका गरिएको भए पनि दुर्घटनाको वास्तविक कारणबारे थप अनुसन्धान भइरहेको सतगावाँ प्रहरीले जनाएको छ ।

सो घटनापछि पोठियाही गाउँ शोकमग्न छ । मृतक तथा घाइतेका आफन्तहरू भारततर्फ गएको जनाइएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाबारे विस्तृत विवरण आउन बाँकी रहेको जनाएको छ ।


डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाईरसवाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भांडोमा पनि हुर्कन सक्दछ ।

- पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
- कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्नै ।
- घर/विधालयको अध्यॉरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।
- हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठांउहरु र पानी राख्ने भाडांहरु खोजी खोजी सफा गरौ र लामखुट्टेको फुल नष्ट गरौ ।

स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, मधेश प्रदेश



सत्यमेव जयते

शुभकामना संदेश



श्री देवी सहाय मीना
भारतको महावाणिज्य दूत, बीरगंज

भारतको ८० औं स्वतन्त्रता दिवसको शुभ अवसरमा बीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको तर्फबाट म नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरूलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु । भारतीय महावाणिज्य दूतावासले हालैका दिनहरूमा विभिन्न स्थानीय संस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू आयोजना गरेको छ, जसमा नेपाल-भारत मैत्री क्रिकेट खेल, आदिवासी गौरव दिवस, र भारत-नेपाल पर्यटन विकास सेमिनार समावेश छन्। योगको बारेमा जनचेतना फैलाउन, अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा विभिन्न निकाय र संस्थाहरूसँगको सहकार्यमा विभिन्न स्थानहरूमा योग कार्यक्रम/शिविरहरू आयोजना गरिएको थियो । महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, विश्व हिन्दी दिवस, आयुर्वेद दिवस, विश्व सांस्कृतिक विविधता दिवस, आदि जस्ता महत्त्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गर्यो, जसमा राम्रो उपस्थिति थियो। भारतीय महावाणिज्य दूतावास, यी कार्यक्रमहरूमा उत्साहपूर्वक भाग लिने र यी कार्यक्रमहरूलाई सफल पार्ने सबैलाई धन्यवाद व्यक्त गर्दछ। वातावरण संरक्षणको बारेमा जनचेतना जगाउने उद्देश्यले महावाणिज्य दूतावासले विभिन्न स्थानीय संस्थाहरू, गैरसरकारी संस्थाहरू, विद्यालयहरू, संस्थाहरू, आदिसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियानहरू पनि आयोजना गरेको छ। वातावरण संरक्षणप्रति जनतामा चेतना जगाउने उद्देश्यले महावाणिज्य दूतावासले विभिन्न स्थानीय संस्था, गैरसरकारी संस्था, विद्यालय, संस्था आदिसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियानहरू पनि आयोजना गरेको छ ।

२. भारत सरकार नेपाललाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने, साथै नदी तटबन्ध निर्माण, एकीकृत जाँच चौकी र रेलवे कनेक्टिभिटी जस्ता क्षेत्रमा सहयोग र सहायता प्रदान गर्न प्रतिबद्ध छ। भारत सरकारको आर्थिक सहयोगमा निर्मित श्री वैद्यनाथ देवनारायण जनता माध्यमिक विद्यालय, तुलसियाही, मुखियापट्टी मुसहरनिया गाउँपालिका (धनुषा) र श्री जनता माध्यमिक विद्यालय, शिशुवारी, सुरुङ्गा नगरपालिका (सप्तरी) को औपचारिक उद्घाटन गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरिएको छ। हालै, भारत सरकारको आर्थिक सहयोहमा उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत बारा, पर्सा, रौतहट र धनुषा जिल्लामा चार विद्यालय भवन निर्माणको लागि शिलान्यास गरिएको छ। भारत सरकारले नेपालका सुरक्षा निकायहरूको कानून प्रवर्तन क्षमता अभिवृद्धि गर्न मद्दत गर्न एसयूभी, पिकअप ट्रक र अन्य वस्तुहरू सहित विभिन्न प्रकारका सहयोग प्रदान गरेको छ।

३. दुई देशबीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न महावाणिज्य दूतावास विभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्दछ। द्विपक्षीय सम्बन्धलाई अझ अगाडि बढाउन दुई देशबीच नियमित उच्चस्तरीय आदानप्रदान भइरहेका छन्, जसले हाम्रा राष्ट्रहरूबीचको गहिरो मित्रता, ऐतिहासिक, सांस्कृतिक र सभ्यतागत सम्बन्धलाई प्रतिबिम्बित गर्दछ। हालैका वर्षहरूमा द्विपक्षीय सहयोगमा उल्लेखनीय प्रगति भएको छ, विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरूमा - भौतिक, डिजिटल, ऊर्जा, साथै जन-जनबीचको सहकार्य - जुन सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवे र पेट्रोलियम पाइपलाइनहरूसँग सम्बन्धित पूर्वाधार परियोजनाहरूको निरन्तर कार्यान्वयनमा प्रकट भएको छ।

४. भारत र नेपाल बीचको सम्बन्ध विश्वमै अद्वितीय छ। दुई देशबीचको सांस्कृतिक, धार्मिक र सामाजिक सम्बन्ध अनादिकालदेखि नै छ। हाम्रा साझा परम्पराहरूले दुवै देशका जनतालाई बलियोसँग बाँधेका छन्। दुवै देशका आम जनता बीचको सौहार्दपूर्ण सम्बन्ध हाम्रा दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धको पहिचान हो। दुवै देशको समृद्ध संस्कृति हाम्रो साझा सम्पदा, अमूल्य धरोहर र दुई देशबीचको अटुट बन्धनको प्रतीक हो। महावाणिज्य दूतावास विभिन्न पहलहरू मार्फत यी सम्बन्धहरूलाई अझ उचाइमा पुर्याउन प्रयासरत छ।

५. महावाणिज्य दूतावासले नेपाल र भारतका सीमावर्ती जिल्लाहरू बीचको सामयिक हितका मुद्दाहरूमा समन्वय समितिको बैठकहरू आयोजना गर्न सहयोग गर्दछ र आफ्नो क्षेत्राधिकार अन्तर्गतका क्षेत्रहरूमा स्थानीय बासिन्दा र भारतीयहरूलाई आवश्यक कन्सुलर सेवाहरू प्रदान गर्दछ। महावाणिज्य दूतावासले सीमापार सहज आवागमनको लागि निजी र ढुवानी सवारी साधनहरूलाई सवारी साधन अनुमतिपत्र पनि जारी गर्दछ।

६. महावाणिज्य दूतावास भारत र नेपाल बीचको वाणिज्यिक र आर्थिक सम्बन्धलाई अझ सुदृढ पार्न प्रतिबद्ध छ। भारत, नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुका साथै एक शीर्ष निर्यात गन्तव्य पनि हो, साथै लगानी र पर्यटन दुवैको प्रमुख स्रोत पनि हो। भारतले आफ्नो "छिमेकी पहिलो" नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई ठूलो महत्त्व दिन्छ र विभिन्न पहलहरू मार्फत नेपाली जनतालाई सहयोग गर्न जारी राख्नेछ। महावाणिज्य दूतावास दुई देशहरू बीचको सम्बन्धलाई अझ सुदृढिकरणका लागि सहकार्य गर्न सँधै तत्पर छ ।

जय हिंद!

बीरगंज (नेपाल)
१५ अगस्त, २०२६

# प्रोत्साहन भत्ता विवादले अल्ट्रासाउण्ड सेवा बन्द




**टुडे समाचारदाता**

जलेश्वर । प्रोत्साहन भत्ता विवादका कारण प्रादेशिक अस्पताल जलेश्वरको करीब एक महिनादेखि भिडियो एक्सरे (अल्ट्रासाउन्ड) सेवा बन्द रहेको छ । बिरामीको उच्चचाप रहेपनि अस्पताल व्यवस्थापकले पुनः सञ्चालनका लागि कुनै ठोस पहल गरेको छैन ।

भिडियो एक्सरे गर्ने चिकित्सकलाई प्रोत्साहन भत्ता (इन्सेन्टिभ) उपलब्ध नगराइएका कारण उक्त सेवा साउन २ गतेदेखि बन्द रहेको छ । सेवा बन्द भएपछि उपचारका लागि अस्पताल पुग्ने गर्भवती महिलाले सास्ती भोग्नुपरेको छ। उनीहरू चेकजाँचका लागि निजी स्वास्थ्य संस्थामा जान बाध्य भएका छन् ।

अस्पताल प्रशासनले प्रारम्भमा प्राविधिक कारण देखाउँदै सेवा बन्द भएको सूचना टाँसेको थियो। तर प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालयप्रमुखडा.रविश्रीवास्तवले इन्सेन्टि भसम्बन्धी समस्याका कारण सेवा बन्द भएको स्वीकार गरेका छन् ।

उनका अनुसार भिडियो एक्सरे गर्ने चिकित्सक डा. रोशन साहले इन्सेन्टिभ नदिएसम्म सेवा नदिने अडान लिएपछि सेवा अवरुद्ध भएको हो । "हामी सेवा पुनः सञ्चालनका लागि प्रयासरत छौं," डा. श्रीवास्तवले भने ।


आर्थिक वर्ष २०८२/८३ का लागि चिकित्सकलाई इन्सेन्टिभ उपलब्धनगराइएकाले समस्या उत्पन्न भएको उनले बताए । अस्पताल व्यवस्थापन समिति र प्रशासन दुवैले समस्या समाधानका लागि पहल गरिरहेको उनको भनाई छ ।

प्रादेशिक अस्पताल जलेश्वरका अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रोहितप्रसाद ठाकुरले जेठ २८ गते बसेको समितिको बैठकले इन्सेन्टिभ उपलब्ध गराउने निर्णय गरेपनि कार्यान्वयन नभएकाले समस्या देखिएको बताए । उनले भने "समितिको निर्णय अनुसार इन्सेन्टिभ किन वितरण भएन भन्ने विषयमा पनि हामीले सोधखोज गरिरहेका छौं ।"

अस्पतालमा भिडियो एक्सरे सेवा बन्द भएपछि बिरामीहरू निजी स्वास्थ्य संस्थामा महँगो शुल्क तिरेर सेवा लिन बाध्य भएका छन् । आर्थिक अवस्था कमजोर भएका सेवाग्राही बढी प्रभावित भएका छन् । अस्पताल प्रशासनका अनुसार दैनिक एक दर्जनभन्दा बढी महिला भिडियो एक्सरे गराउन अस्पताल आउने गरेका छन् ।

जलेश्वरका युवा दिपु कापरले अस्पताल व्यवस्थापन समिति र प्रशासनबिचको असमझदारीका कारणबिरामीलेसमस्याभोग्नुपरेको बताए । उनले सम्बन्धित पक्षलाई तत्काल समस्या समाधान गरी सेवा पुनः सञ्चालन गर्न आग्रह गरेका ।

# वीरगञ्जको सडक विस्तार तत्काल नगर्न अन्तरिम आदेश



**टुडे समाचारदाता**

वीरगञ्ज । उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जले वीरगञ्जमा सडक विस्तारसम्बन्धी विवादमा तत्कालका लागि सम्बन्धित सडक क्षेत्रमा सडक विस्तारको काम नगर्न-नगराउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जका न्यायाधीश निर्मला पौडेल भट्टराईको एकल इजलासले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), काठमाडौंका तर्फबाट संगीता अर्याल पहाडीले दायर गरेको रिट निवेदनमाथि सुनुवाइ गर्दै यस्तो आदेश दिएको हो ।

दायरी नम्बर ०८३-छइ-००८५ रहेको रिटमा निवेदकले अन्तरिम आदेशसहित प्रतिषेध, उत्प्रेषण, परमादेशलगायत आवश्यक र उपयुक्त आदेश जारी गर्न माग गरेका थिए । निवेदकका तर्फबाट अधिवक्ता डा. गजेन्द्र अर्याल र अधिवक्ता राजेश पण्डितले बहस गरेका थिए ।

अदालतले निवेदनमा उल्लेखित सडक क्षेत्रमा तत्काल बाटो विस्तार गर्ने कार्य नगर्न-नगराउन विपक्षीका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

अदालतको आदेश आगामी २०८३ भदौ १ गते अन्तरिम आदेशका सम्बन्धमा हुने छलफलसम्म कायम रहनेछ। उक्त दिन दुवै पक्षलाई उपस्थित गराएर विषयवस्तुमा छलफल गरेपछि अल्पकालीन आदेशलाई निरन्तरता दिने वा नदिनेबारे निर्णय गरिनेछ ।

यसैगरी, अदालतले रिटमा उठाइएका विषयमा विपक्षीहरूलाई लिखित जवाफ पेश गर्न आदेश दिएको छ। 'मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ?' भन्ने विषयमा कारण खुलाउँदै प्रमाणसहित लिखित जवाफ पेश गर्न विपक्षीहरूलाई भनिएको छ ।

अदालतका अनुसार विपक्षीहरूले म्याद सूचना तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नुपर्नेछ । केही विपक्षीका हकमा उच्च सरकारी वकिल कार्यालय वीरगञ्जमार्फत तथा अन्यका हकमा आफैं वा कानुनबमोजिमको प्रतिनिधिमार्फत जवाफ पेश गर्न भनेको छ ।

निवेदकले अन्तरिम आदेशको मागसमेत गरेकाले विषयवस्तुको प्रकृति र संवेदनशीलतालाई ध्यानमा राख्दै दुवै पक्षलाई उपस्थित गराएर छलफल गर्नु उपयुक्त हुने अदालतले जनाएको छ ।

अदालतले अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने विषयमा निष्कर्षमा पुग्नुअघि विपक्षीहरूको धारणा सुन्न आवश्यक देखिएकाले आगामी भदौ १ गतेका लागि पेशी तोकेको हो। आदेशको जानकारी विपक्षीहरूलाई यथाशीघ्र गराउनसमेत सम्बन्धित निकायलाई निर्देशन दिएको जनाइएको छ ।

अल्पकालीन अन्तरिम आदेश भएकाले यसलाई सडक विस्तारसम्बन्धी विवादको अन्तिम निर्णय भने मानिने छैन । भदौ १ गतेको छलफलपछि अदालतले आदेशलाई निरन्तरता दिन, संशोधन गर्न वा खारेज गर्न सक्नेछ ।

# करेन्टर लागेर युवकको मृत्यु




**टुडे समाचारदाता**

जनकपुरधाम । खेतमा मोटरबाट पानी लगाउने क्रममा करेन्ट लागेर धनुषामा एक युवकको मृत्यु भएको छ ।

नगराइननगरपालिका-८ खिरखिरियास्थित खेतमा बिहीबार साँझ पानी लगाउने क्रममा करेन्ट लाग्दा स्थानीय २५ वर्षीय सितेश कुमार दास गम्भीर घाइते भएका थिए । करेन्ट लागेर घाइते दासलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको थियो ।

उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । प्रहरीका अनुसार खेतमा पानी लगाउन प्रयोग गरिएको विद्युतीय मोटर सञ्चालन गर्ने क्रममा उनलाई करेन्ट लागेको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# घरेलु मदिराको कच्चा पदार्थ नष्ट



**टुडे समाचारदाता**

रौतहट । बारा प्रहरीले महागढीमाई नगरपालिकामा अवैध घरेलुमदिरा उत्पादनविरुद्ध कारबाही तीव्र पारेको छ । शुक्रबार प्रहरीले विभिन्न स्थानमा सञ्चालन हुँदै आएका मदिरा भट्टीमा छापा मारेर करिब १० हजार लिटर कच्चा पदार्थ नष्ट गरेको हो ।

महागढीमाई नगरपालिका-३ ग्वास टोल र वडा नम्बर १० गञ्जभवानीपुर गाउँमा अवैध रूपमा घरेलु मदिरा उत्पादन भइरहेको सूचनाका आधारमा बिहान करिब ११:३० बजे प्रहरी टोली परिचालन गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय बाराबाट सई नवलकिशोर साहको कमाण्डमा १३ जना र प्रहरी चौकी गञ्जभवानीपुरबाट सई बहादुर प्रसाद यादवको कमाण्डमा ३ जना गरी संयुक्त टोलीले विभिन्न स्थानमा छापा मारेको थियो ।

प्रहरीका अनुसार महागढीमाई-३ का सोभिलाल राम, खुबलाल राम, सावित्री पासवान, राजकुमार राम र अस्पताली राम तथा वडा नम्बर १० का भोला राम, प्रभु राम र रामानन्द जैसवालले सञ्चालन गरेका भट्टीमा छापा मारिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी मिनबहादुर घलेका अनुसार ती भट्टीमा मदिरा उत्पादनका लागि राखिएको करिब १० हजार लिटर कच्चा पदार्थ घटनास्थलमै नष्ट गरिएको छ । त्यस क्रममा प्रहरीले सानो प्लास्टिकका ११ थान र टिनको १ थान ड्रमसमेत बरामद गरेको छ । बरामद सामग्री जिल्ला प्रहरी कार्यालय बारामा ल्याएर राखिएको प्रहरीले जनाएको छ ।

तराई-मधेशका ग्रामीण क्षेत्रमा घरेलु मदिरा उत्पादन लामो समयदेखि सामाजिक तथा सुरक्षा चुनौतीका रूपमा देखिँदै आएको छ। खुला रूपमा सञ्चालन हुने यस्ता भट्टीबाट राजस्व छली हुनुका साथै मदिराको गुणस्तर र स्वास्थ्य सुरक्षामाथि समेत प्रश्न उठ्ने गरेको छ।

एकैपटक १० हजार लिटर कच्चा पदार्थ नष्ट गरिनुले महागढीमाई क्षेत्रमा अवैध मदिरा उत्पादनको गतिविधि व्यापक हुनसक्ने अनुमान गरिएको छ। प्रहरीले भट्टी नष्ट गर्ने कारबाहीसँगै यस्ता गतिविधिका सञ्चालक पहिचान गरी कानुनी दायरामा ल्याउन सकेमा अभियान अझ प्रभावकारी हुने देखिन्छ।

# ग्यास आपूर्तिमा सजाय र पुरस्कारको व्यवस्था



**टुडे समाचारदाता**

काठमाण्डू। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बजारमा खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज रहेको दाबी गर्दै पुरस्कार तथा सजायको व्यवस्था गरेको छ।

ग्यास पाइँदैन भन्ने आशंकाले उपभोक्ताले घरायसी प्रयोजनभन्दा बढी सिलिन्डर थुपार्ने प्रवृत्ति बढेपछि मन्त्रालयले यसरी कृत्रिम अभाव सिर्जना गर्ने जोसुकैलाई कडा कानुनी कारबाहीको दायरामा ल्याउने चेतावनी दिएको छ।

मन्त्रालयका अनुसार पछिल्लो समय दैनिक औसत एक लाख १० हजार सिलिन्डर खपत हुने गरेकोमा अहिले बढाएर दैनिक एक लाख ३२ हजार सिलिन्डर बजारमा पठाइएको छ भने भारतबाट आउने मासिक कोटालाई समेत बढाएर ६० हजार मेट्रिक टन पुर्‍याउन पत्राचार गरिएको छ।

ग्यास वितरण प्रणालीलाई पूर्ण रूपमा पारदर्शी र व्यवस्थित बनाउन सरकारले प्रविधिको प्रयोगमा जोड दिँदै गुगल फर्म र क्युआर कोड प्रणालीमार्फत सिलिन्डरको स्टक तथा आवागमनको प्रत्यक्ष निगरानी गर्ने तयारी गरेको छ।

कालोबजारी तथा ग्यास लुकाउने जस्ता गैरकानूनी गतिविधि रोक्न सरकारले कडा निगरानी राख्दै त्यस्ता व्यक्तिको बारेमा सही सूचना उपलब्ध गराउने जिम्मेवार उपभोक्ताहरूलाई विशेष पुरस्कार तथा सम्मान प्रदान गर्ने घोषणा समेत गरेको छ।

यसका साथै, दीर्घकालीन विकल्पस्वरूप विद्युतीय चुलोको प्रयोगलाई बढावा दिने नीति लिइएको र आर्थिक वर्ष २०७६७७ मा करिब १० हजारको संख्यामा आयात हुने इन्डक्सन चुलोको संख्या बढेर हाल तीन लाख ८२ हजारभन्दा बढी पुगेको मन्त्रालयले जानकारी दिएको छ।

# चोरीको मोटरसाइकलसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । चोरीको मोटरसाइकलसहित दुई नेपाली युवक रौतहट-बारा सीमासँग जोडिएको भारतको बिहार स्थित मोतिहारी जिल्लामा पक्राउ परेका छन् ।

मोतीहारीको रामगढवा थाना क्षेत्रअन्तर्गत नारीरगिर चौकमा प्रहरीले नियमित सवारी जाँचका क्रममा दुई नेपाली युवकलाई पक्राउ गरेको हो । प्रहरीले एचएचडी मेसिन प्रयोग गरी मोटरसाइकल जाँच गर्दा त्यसको चेचिस नम्बर र रजिस्ट्रेसन नम्बरबीच फरक भेटिएको जनाएको छ।

शंका लागेपछि प्रहरीले मोटरसाइकलमा सवार दुवै जनासँग सोधपुछ गरेको थियो । सोधपुछका क्रममा उक्त मोटरसाइकल चोरीको रहेको खुलेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको भारतीय प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा बाराको कलैया नगर क्षेत्रअन्तर्गत बैराठापुरका हरिनारायण सिंहका छोरा आदित्य सिंह र पर्साको वीरगञ्ज नगर क्षेत्रअन्तर्गत बहुवरीका रमेश गिरीका छोरा शिवानन्द गिरी रहेका छन् । प्रहरीका अनुसार पक्राउ परेका दुवै जना नेपाली नागरिक हुन् ।

उनीहरूलाई नियन्त्रणमा लिएर मोटरसाइकलको स्रोत, चोरी भएको स्थान तथा घटनामा उनीहरूको संलग्नताबारे थप अनुसन्धान भइरहेको छ। भारतीय प्रहरीले दुवै जनामाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ ।

# चन्द्रपुरमा खुल्यो तिलगंगा सामुदायिक आँखा केन्द्र



**टुडे समाचारदाता**

रौतहट । आँखा उपचारका लागि बाहिर जाने बाध्यता रौतहटका नागरिकको अब हटेको छ । जिल्लाको चन्द्रपुर नगरपालिकामा तिलगंगा सामुदायिक आँखा केन्द्र सञ्चालनमा आएसँगै स्थानीयस्तरमै गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध हुन भएको छ ।

चन्द्रपुर नगरपालिका र काठमाडौँस्थित नेपाल आँखा कार्यक्रम-तिलगंगा आँखा प्रतिष्ठानबीच भएको सम्झौताअनुसार केन्द्र सञ्चालनमा ल्याइएको हो । दुई पक्षबीच केन्द्र स्थापना तथा सञ्चालनका लागि २० वर्षे सम्झौता भएको छ ।

केन्द्र सञ्चालनसम्बन्धी सम्झौतापत्रमा तिलगंगा आँखा प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङ र चन्द्रपुर नगर प्रमुख सञ्जय कुमार काफ्लेले हस्ताक्षर गरेका छन् । चन्द्रपुर नगर प्रमुख सञ्जय कुमार काफ्लेको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रको औपचारिक शुभारम्भ गरिएको हो ।

कार्यक्रममा तिलगंगा आँखा प्रतिष्ठानका प्रमुख सञ्चालन अधिकृत तथा नेपाल प्रहरीका पूर्व डिआईजी पिताम्बर अधिकारी, वरिष्ठ मानव संसाधन प्रबन्धक तथा पूर्व एसएसपी मुकेश कुमार सिंह, वडा नम्बर ५ का अध्यक्ष निलहरी कोइराला, इलाका प्रशासन कार्यालयका प्रमुख बिनोद पोखरेल, इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख डीएसपी सत्यनारायण थापा, नगर अस्पतालका प्रमुख डा. अभिनन्दन श्रीवास्तव, स्वास्थ्य संयोजक राजेश कुमार ठाकुरलगायतको उपस्थिति थियो ।

हाल वडा नम्बर ५ स्थित नगर अस्पताल परिसरबाट सञ्चालन हुने केन्द्रमा दृष्टि तथा चश्मा जाँच, सामान्य आँखा परीक्षण, टेलि-अप्थाल्मोलोजी, आकस्मिक आँखा सेवा लगायतका सेवा उपलब्ध हुनेछन्।

त्यस्तै मोतियाविन्दु भएका बिरामीलाई आवश्यक परामर्श तथा शल्यक्रियाका लागि प्रेषण गर्ने, आँखा उपचारसम्बन्धी शिविर सञ्चालन गर्ने तथा सुलभ मूल्यमा औषधि र चश्मा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

नगरपालिकाले निर्माण गरिरहेको नयाँ भवनमा भविष्यमा केन्द्रका लागि करिब १ हजार ५ सय वर्गफिट क्षेत्रफल उपलब्ध गराउने जनाएको छ । आर्थिक अवस्था कमजोर भएका स्थानीय नागरिकलाई समेत उपचारबाट वञ्चित हुन नदिन नगरपालिकाले विशेष व्यवस्था गरेको छ ।

विपन्न नागरिक, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिले नगरपालिकाको प्रमाणिकताका आधारमा निःशुल्क वा विशेष छुटमा आँखा उपचार सेवा प्राप्त गर्न सक्नेछन् । त्यसका लागि चन्द्रपुर नगरपालिकाले प्रत्येक वर्ष न्यूनतम ५ लाख रुपैयाँ बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको जनाएको छ

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन बौद्धिक काम र सिर्जनात्मक क्षेत्रमा रुचि बढ्नेछ । |
| वृष : | आज पारिवारिक विषयमा अलि बढी ध्यान दिनुपर्ने हुन सक्छ । |
| मिथुन : | तपाईको पराक्रम र आत्मबलमा वृद्धि हुनेछ । |
| कर्कट : | आर्थिक दृष्टिले आजको दिन शुभ रहनेछ । |
| सिंह : | मनमा नयाँ उर्जा र उत्साह थपिनेछ । |
| कन्या : | कामको सिलसिलामा अलि बढी दौडभुप र खर्च बढाउन सक्छ । |
| तुला : | आजको दिन ठूलो लाभ र सफलता दिलाउने खालको छ । |
| वृश्चिक : | कार्यक्षेत्र र रोजगारीको क्षेत्रमा ठुलो सफलता मिल्नेछ । |
| धनु : | धीर्मिक र आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । |
| मकर : | सवाधानी अपनाउनुपर्ने दिन छ । |
| कुम्भ: | व्यापार-व्यवसाय र साझेदारी काममा राम्रो नाफा मिल्नेछ । |
| मीन: | शत्रु र प्रधिस्पर्धीहरु साथि सजिलै विजय हासिल गर्न सकिनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फलफूल बजारका लागि २० वर्षिय सम्झौता

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित फलफूल बजार सञ्चालनका लागि गुठीको जग्गा २० वर्षका लागि उपलब्ध गराइएको छ।



सम्झौता अनुसार जनकपुरधामउपमहानगरपालिका-१२ कुवारामपुरमा रहेको गुठीको २ बिघा २ कठ्ठा २ धुर जग्गा फलफूल बजार सञ्चालनका लागि उपलब्ध गराइएको जनाइएको छ।

जनकपुर फलफूल तथा तरकारी व्यवसायी संघका सल्लाहकार नवीन साहका अनुसार गुठीको उक्त जग्गा २० वर्षका लागि बजार सञ्चालन गर्ने उद्देश्यले सम्झौता गरिएको हो। सम्झौतामा संघका अध्यक्ष विशेश्वर यादवले औपचारिक रूपमा हस्ताक्षर गरेका छन्। हाल जनकपुरधाममा फलफूल तथा तरकारीको कारोबार विभिन्न स्थानमा छरिएर सञ्चालन हुँदै आएको अवस्थामा नयाँ बजार सञ्चालन भएपछि व्यवसायलाई व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

बजारका लागि पर्याप्त क्षेत्रफल उपलब्ध भएकाले व्यवसायी तथा उपभोक्तालाई समेत सहज हुने संघको विश्वास छ। सम्झौतापछि कुवारामपुर स्थित उक्त जग्गामा आवश्यक पूर्वाधार निर्माण तथा बजार सञ्चालनको प्रक्रिया अघि बढाइने बताइएको छ।

# माग पुरा गर्न मधेश सरकारलाई ३ महिने अल्टिमेटम

**टुडे समाचारदाता**

जनकपुरधाम । मुक्त हरवाचरवा अधिकार मञ्चले आफ्ना माग पुरा गर्न मधेश प्रदेश सरकारलाई ३ महिना (९० दिन) को अल्टिमेटमा दिएका छन्।



हरवाचरवा समुदायको पहिचान, भूमि अधिकार, पुनःस्थापना, सामाजिक सुरक्षा तथा सम्मानजनक जीविकोपार्जन सुनिश्चित गर्न मञ्चले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई बुझाएको ध्यानाकर्षण पत्रमा माग गरिएको छ।

मञ्चका अनुसार मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायको पूर्ण मुक्ति, भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। तर नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्रतिबद्धता ठोस कार्ययोजना, बजेट र कार्यान्वयनमा रूपान्तरण हुन नसकेको भन्दै मञ्चले सरकारको ध्यानाकर्षण गराएको हो।

मञ्चले मधेश प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग प्रभावकारी समन्वय र सहकार्य गरी हरवाचरवा समुदायको लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल सुरु गर्न माग गरेको छ। साथै भूमिहीन हरवाचरवा परिवारको पहिचान गरी दिगो पुनःस्थापना सुनिश्चित गर्ने स्पष्ट कार्ययोजना तत्काल स्वीकृत गरी कार्यान्वयनमा ल्याउन पनि माग गरेका छन्।

मञ्चले मन्त्रालयलाई बुझाएको पत्रमा माग सम्बोधनका लागि ९० दिनको समयसीमा तोकेको छ। पत्र बुझेको मितिले ९० दिन अर्थात् २०८३ भदौ ५ गतेभित्र ठोस निर्णय, बजेट तथा कार्यान्वयन प्रक्रिया सुनिश्चित नगरिए मधेश प्रदेशका आठवटै जिल्लाका हरवाचरवाको सक्रिय सहभागितामा व्यापक तथा चरणबद्ध आन्दोलन सञ्चालन गर्ने चेतावनी दिइएको छ।

मञ्चले प्रस्तावित आन्दोलनलाई शान्तिपूर्ण, लोकतान्त्रिक र संगठित ढंगले अघि बढाउने जनाएको छ। प्रारम्भमा विशाल जुलुस तथा र्‍याली आयोजना गर्ने, त्यसपछि धर्ना तथा माग सम्बोधनका लागि दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने र माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनी दिइएको छ।

मञ्चले सम्भावित आन्दोलनको अवस्था सिर्जना हुन नदिन ध्यानाकर्षण पत्रमा उल्लेख गरिएका मागलाई उच्च प्राथमिकताका साथ ग्रहण गरी तत्काल निर्णय गर्न, आवश्यक बजेट सुनिश्चित गर्न र कार्यान्वयनको स्पष्ट समयसीमा निर्धारण गर्न प्रदेश सरकारसँग आग्रह गरेको छ।

मञ्चका अध्यक्ष दशनलाल मण्डलसहित मधेश प्रदेशका आठवटै जिल्लाका प्रतिनिधिहरूले हस्ताक्षर गरेको ध्यानाकर्षण पत्रमा सरकारको आफ्नै नीति तथा प्रतिबद्धता र हरवाचरवा समुदायको लामो संघर्षलाई सम्मान गर्दै ठोस पहल गर्न आग्रह गरिएको छ। हालै पनि हरवाचरवा समुदायले चार वर्ष बितिसक्दा वास्तविक पहिचान र सामाजिक सुरक्षाका अधिकार सुनिश्चित नभएको भन्दै लगत संकलन, प्रमाणीकरण तथा परिचयपत्र वितरणलाई तीव्रता दिन माग गर्दै आएको छ।

# प्रतिबन्धित गाँजा बरामद

**टुडे समाचारदाता**

लहान । सशस्त्र प्रहरीले सिरहाको औरही गाउँपालिका-४ खजनपुरबाट ४९ किलो ७६० ग्राम प्रतिबन्धित लागुऔषध गाँजासहित भारतीय नम्बर प्लेटको मोटरसाइकल बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नम्बर ७ गण हेडरक्वार्टर सिरहाबाट खटिएको गस्ती टोलीले शुक्रबार बिहान करिब साढे ३ बजेको समयमा नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय नम्बर प्लेट बीआर ३२ एम ३०५७ को मोटरसाइकललाई नियन्त्रणमा लिन खोजेको थियो।

प्रहरी टोलीलाई देखेपछि मोटरसाइकल चालकले सवारी छाडेर फरार भएको सशस्त्र प्रहरीले जनाएको छ। त्यसपछि मोटरसाइकलमा रहेको बोरा जाँच गर्दा ४९ किलो ७६० ग्राम गाँजा फेला परेको सशस्त्र प्रहरी नम्बर ७ हेडक्वार्टर सिरहाका प्रमुख सुमनजंग थापाले जनाएका छन्।

सशस्त्र प्रहरीले बरामद गाँजा र मोटरसाइकल नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाएको छ। फरार भएका मोटरसाइकल चालकको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# प्रतिष्ठानमा ६ विशेषज्ञको माग

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले विभिन्न पदका लागि करार सेवामा ६ जना विशेषज्ञ जनशक्ति माग गरेको छ।




प्रतिष्ठानले साउन २९ गते प्रकाशित गरेको सूचनामार्फत सिटिभिएस, प्याथोलोजी, एनेस्थेसिया र मेडिकल सर्जिकल नर्सिङ विभागका लागि जनशक्ति माग गर्दै दरखास्त आह्वान गरेको छ। रिक्त पदमा आवश्यकता पूर्ति गर्न प्राध्यापकदेखि लेक्चररसम्मका पदमा नियुक्तिका लागि आवेदन खुलाइएको प्रतिष्ठानले जनाएको छ।

सूचना अनुसार सिटिभिएस विभागमा एक जना, प्याथोलोजिस्ट दुई जना, एनेस्थेसियामा दुई जना र मेडिकल सर्जिकल नर्सिङमा एक जना गरी कुल ६ जना जनशक्ति माग गरिएको छ। उम्मेदवारको योग्यता तथा अनुभवका आधारमा प्रोफेसर, एसोसिएट प्रोफेसर, असिस्टेन्ट प्रोफेसर वा लेक्चरर पदमा नियुक्ति गरिनेछ।

चिकित्सकतर्फ सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित परिषद्मा विशेषज्ञका रूपमा दर्ता भएको हुनुपर्नेछ। नर्सिङतर्फ भने सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

प्रोफेसर र एसोसिएट प्रोफेसर पदका लागि ७० वर्ष ननाघेको तथा असिस्टेन्ट प्रोफेसर र लेक्चरर पदका लागि ४५ वर्ष ननाघेको हुनुपर्ने उमेर हद तोकिएको छ। प्रतिष्ठानका अनुसार प्रोफेसर तथा एसोसिएट प्रोफेसर पदका लागि परीक्षा दस्तुर १ हजार ५ सय रुपैयाँ र असिस्टेन्ट प्रोफेसर तथा लेक्चरर पदका लागि १ हजार २ सय रुपैयाँ तोकिएको छ।

दस्तुर भानु चोकस्थित लक्ष्मी सनराइज बैंकमा रहेको प्रतिष्ठानको खातामा जम्मा गरी सोको भौचर दरखास्तसँगै पेस गर्नुपर्नेछ। इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् भदौ १२ गतेसम्म आवेदन दिन सक्ने प्रतिष्ठानले जनाएको छ।

# खैरो हिरोइनसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीलेप्रतिबन्धित लागुऔषधखैरो हिरोइनजस्तो देखिने पदार्थसहित एक युवकलाई पक्राउ गरेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पक्राउ पर्नेमा विदेह नगरपालिका-८ का २८ वर्षीय उमेश मण्डल रहेका छन्।

विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले औरही गाउँपालिका-५ स्थित डिप बोरिङभित्र बसिरहेको अवस्थामा मण्डललाई शंकास्पद रूपमा चेकजाँच गरेको थियो।

चेकजाँचका क्रममा उनको साथबाट डब्बासहित ६५.४४० ग्राम र डब्बा बाहेक ३९.३६० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले लागुऔषध नापतौल गर्न प्रयोग हुने डिजिटल तराजुसमेत बरामद गरेको छ।




बरामद पदार्थसहित मण्डललाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बरामद पदार्थको वास्तविक प्रकृति तथा मात्रा परीक्षणपछि थप स्पष्ट हुनेछ।

# दूरसञ्चार सेवाको पहुँच विस्तार र गुणस्तर सुधारलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न सञ्चारमन्त्री डा तिमिल्सिनाको निर्देशन

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर सुधारलाई प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।



सञ्चार मन्त्रालयमा शुक्रबार नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमसँगको छलफलका क्रममा उहाँले टेलिफोन तथा इन्टरनेट सेवा कमजोर भएको गुनासो नागरिकबाट निरन्तर आइरहेको उल्लेख गर्नुहुँदै सेवा विस्तार र गुणस्तर सुधारमा नियामक र सेवा प्रदायक दुवैले गम्भीर भएर परिणाममुखी काम गर्नुपर्ने बताउनुभएको हो।

सो छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले नियामक निकाय र सेवा प्रदायक दुवै पक्षले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा जोड दिनुहुँदै नेपाल टेलिकमप्रति नागरिकको अपेक्षा धेरै रहेकाले त्यसअनुसार सेवा सुधार गर्न निर्देशन दिनुभयो।

सरकारले चालु आर्थिक वर्षलाई दूरसञ्चार क्षेत्रको 'रूपान्तरणको वर्ष' का रूपमा अघि बढाएको उल्लेख गर्दै उहाँले अब कामको परिणाम देखिनुपर्ने बताउनुभयो। सञ्चारमन्त्रीले डा तिमिल्सिनाले एकातर्फ दुर्गम र कतिपय सहरी क्षेत्रमै पनि नागरिकले टेलिफोन तथा इन्टरनेटको राम्रो सुविधा पाउन नसकेको तर अर्कोतर्फ ग्रामीण दूरसञ्चार विकासका लागि सङ्कलन हुँदै आएको ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) को रकम प्रभावकारी रुपमा खर्च हुन नसकेको बताउनुभयो।

नागरिकबाट सङ्कलित रकम नागरिककै सेवा विस्तारमा खर्च हुनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले दुर्गम तथा सेवा नपुगेका क्षेत्रमा दूरसञ्चार पूर्वाधार विस्तारका लागि आरटिडिएफको प्रभावकारी परिचालन गर्न निर्देशन दिनुभयो।

"आरटिडिएफको पैसा नागरिकको पैसा हो। त्यसबाट नागरिक लाभान्वित हुनुपर्‍यो। त्यसको प्रभावकारी कार्यान्वयन भएको छ कि छैन भनेर नियामकले नियमन गर्नुपर्‍यो, सेवा प्रदायकले राम्रो सेवा दिनुपर्‍यो," उहाँले भन्नुभयो।

सहरी तथा व्यावसायिक रूपमा लाभ हुने क्षेत्रमा सेवा प्रदायकले आफ्नै लगानीमा पूर्वाधार विस्तार गर्नसक्ने भए पनि आर्थिक प्रतिफल कम हुने दुर्गम क्षेत्रमा राज्यको भूमिका आवश्यक रहेको सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ थियो। कुनै स्थानमा मोबाइल टावर निर्माण गर्दा तत्काल व्यावसायिक नाफा नदेखिए पनि त्यहाँका नागरिकलाई सञ्चार सेवासँग जोड्नु राज्यको प्राथमिकता दायित्व रहेको उहाँले बताउनुभयो। विशेषगरी दुर्गम क्षेत्रमा सेवा विस्तार गर्दा नाफा र प्रतिफल मात्र हेर्नुभन्दा नागरिकलाई आधारभूत दूरसञ्चार सेवामा पहुँच पुर्‍याउने विषयलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो।

त्यसैगरी, सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपाल टेलिकमलाई सेवा विस्तार तथा गुणस्तर सुधारका लागि स्पष्ट व्यावसायिक योजना बनाएर अघि बढ्न र हाल सञ्चालन आउन नसकेका तथा विस्तार गर्नुपर्ने आयोजनालाई गति दिन निर्देशन दिनुभयो। अप्टिकल फाइबर विस्तारको कामलाई तीव्रता दिन पनि उहाँले निर्देशन दिनुभएको छ। लामो समयदेखि अघि बढ्न नसकेका टावर निर्माण तथा अप्टिकल फाइबर विस्तारसम्बन्धी रुग्ण आयोजनालाई तत्काल टुङ्ग्याउन र ती आयोजना कसरी अगाडि बढाउने भन्ने विषयमा एक साताभित्र विस्तृत कार्ययोजनासहित निर्णय गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो।

दूरसञ्चार पूर्वाधार विस्तारका क्रममा विभिन्न सरकारी निकायबीच समन्वय अभावका कारण काममा ढिलाइ हुन नहुने भन्दै उहाँले सडक विभाग, नेपाल विद्युत् प्राधिकरणलगायत सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी तत्काल परिणाम देखिनेगरी काम गर्न निर्देशन दिनुभएको हो।

छलफलमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेले आरटिडिएफको रकम प्रयोग गरी सेवा विस्तारका लागि प्राधिकरणले लामो समयदेखि काम गर्दै आए पनि कतिपय आयोजना अझै सम्पन्न हुन नसकेको जानकारी गराउनुभयो। उहाँका अनुसार कोशी, बागमती र मधेस प्रदेशमा अप्टिकल फाइबर विस्तारका लागि आरटिडिएफको रकम परिचालन गर्नेगरी अघि बढाइएका आयोजना निर्धारित समयमा सम्पन्न हुन सकेका छैनन्। आयोजना सम्पन्न नभएका कारण त्यससम्बन्धी भुक्तानीसमेत हुन नसकेको उहाँले बताउनुभयो।

सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा आरटिडिएफमार्फत दूरसञ्चार सेवा विस्तारका आयोजना अघि बढाइएका छन्। दुर्गम तथा सेवा विस्तारका दृष्टिले चुनौतीपूर्ण क्षेत्रमा आरटिडिएफको रकम परिचालन गर्न आवश्यक समन्वय प्राधिकरणले गर्ने अध्यक्ष घिमिरेले बताउनुभयो। अध्यक्ष घिमिरेले दूरसञ्चार सेवा विस्तारका लागि आवश्यक आर्थिक स्रोत, प्रविधि र जनशक्ति भए पनि नागरिकका गुनासा अपेक्षाअनुसार सम्बोधन गर्न नसकिएको स्वीकार गर्नुभयो।

सहरी तथा व्यावसायिक रूपमा लाभ हुने क्षेत्रमा सेवा प्रदायकले आफ्नै लगानीमा पूर्वाधार विस्तार गरिरहेको भए पनि आर्थिक प्रतिफल कम हुने दुर्गम क्षेत्रमा राज्यको लगानी आवश्यक रहेको उहाँले बताउनुभयो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले कम लगानी प्रतिफल हुने दुर्गम क्षेत्रमा दूरसञ्चार सेवा विस्तार चुनौतीपूर्ण रहेको बताउनुभयो। त्यस्ता क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवा विस्तारका लागि थप फ्रिक्वेन्सी, ब्याण्डविथ र पूर्वाधार आवश्यकपर्ने उहाँको भनाइ थियो। दुर्गम क्षेत्रमा स्याटालाइट ब्याण्डविथ खरिद गरेर सेवा सञ्चालन गर्नुपर्ने अवस्थामा लागत उच्च हुने र त्यसअनुसार आर्थिक प्रतिफल निकै कम हुने भएकाले त्यस्तो खर्चमा आरटिडिएफको रकम परिचालन गर्न सकिने प्रस्ताव प्रबन्ध निर्देशक पहाडीले गर्नुभयो।

हाल कतिपय दुर्गम स्थानमा नेपाल टेलिकमले २जी सेवा मात्र सञ्चालन गर्न सक्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले त्यस्ता क्षेत्रमा ४जी सेवा विस्तार गर्न थप लगानी आवश्यकपर्ने बताउनुभयो। २ जीको तुलनामा ४जी सेवा विस्तार गर्दा ब्याण्डविथको लागतसमेत उल्लेख्य रूपमा बढ्ने भएकाले दुर्गम क्षेत्रमा उच्चगतिको मोबाइल इन्टरनेट सेवा पुर्‍याउन थप स्रोत आवश्यकपर्ने उहाँले जानकारी दिनुभयो।

नेपाल टेलिकमले चालु आर्थिक वर्षमा करिब एक हजार किलोमिटर अप्टिकल फाइबर विस्तार गर्ने लक्ष्य राखेको जनाएको छ। यद्यपि वार्षिक लक्ष्य अनुसारको कामलाई मात्र सीमित नराखी थप प्रगति गर्ने योजना रहेको टेलिकमले जनाएको छ। आरटिडिएफको रकममार्फत अप्टिकल फाइबर विस्तारका लागि आवश्यक सुविधा उपलब्ध गराउनसमेत टेलिकमले आग्रह गरेको छ।रासस

# काम नगर्ने निर्माण कम्पनीसँग स्पष्टीकरण सोधियो

**टुडे समाचारदाता**

लहान । सिरहाको विष्णुपुर गाउँपालिकाले निर्माण कार्यमा ढिलासुस्ती गरिएको भन्दै एक निर्माण कम्पनीलाई ठेक्का किन नतोड्ने भनी स्पष्टीकरण सोधेको छ।




गाउँपालिकाले शुक्रबार प्रथम पटक सूचना जारी गर्दै प्रशासकीय अधिकृत भवन निर्माणको ठेक्का पाएको विकास/राम जानकी जे.भी.लाई १५ दिनभित्र स्पष्ट र चित्तबुझ्दो जवाफ पेस गर्न निर्देशन दिएको छ।

गाउँपालिकाका अनुसार निर्माण व्यवसायीलाई पटकपटक लिखित तथा मौखिक रूपमा काम अघि बढाउन आग्रह गरिए पनि निर्माणको प्रगति अत्यन्त न्यून रहेको पाइएको छ।

सम्झौता अनुसार काम सम्पन्न गर्नुपर्ने समयतालिका, माइलस्टोन तथा कामको क्रमागत प्राथमिकताअनुसार निर्माण अघि बढाउन ठेकेदार पक्षबाट पर्याप्त तदारुकता नदेखिएको गाउँपालिकाले जनाएको छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२क) बमोजिम ठेक्का अन्त्य किन नगर्ने भन्ने विषयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्झौताको मर्म र कानुनी प्रावधानअनुसार प्रमाण तथा आधारसहित जवाफ पेस गर्न गाउँपालिकाले भनेको छ।

त्यसैगरी, स्पष्टीकरण पेस गर्ने अवधिभित्रै निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउन समेत निर्माण व्यवसायीलाई निर्देशन दिइएको छ। तोकिएको समयभित्र उचित जवाफ नदिएमा वा निर्माण कार्यमा अपेक्षित सुधार नआएमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताका सर्तअनुसार ठेक्का अन्त्य गर्ने प्रक्रिया अघि बढाइने गाउँपालिकाले चेतावनी दिएको छ।

गाउँपालिकाको यो कदमसँगै लामो समयदेखि सुस्त गतिमा अघि बढिरहेको प्रशासकीय अधिकृत भवन निर्माणले गति लिने विश्वास गरिएको छ।

# सरकारी कर्मचारीलाई वैदेशिक भ्रमणमा पूर्वस्वीकृति अनिवार्य

काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी सेवामा हुने वैदेशिक भ्रमणलाई थप व्यवस्थित र मितव्ययी बनाउन विशेष जोड दिएको छ।

शुक्रबार यहाँ आयोजित प्रेस ब्रिफिङमा कार्यालयका प्रवक्ता हेमराज अर्यालले प्रधानमन्त्री कार्यालयले सबै मन्त्रालय तथा सरकारी निकायहरूमा परिपत्र जारी गर्दै अबदेखि कुनै पनि वैदेशिक भ्रमणका लागि कर्मचारी मनोनयन गर्नुभन्दा अगाडि अनिवार्य रूपमा पूर्व स्वीकृति लिन निर्देशन गरेको जानकारी दिनुभयो। यस व्यवस्थाले वैदेशिक भ्रमणलाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

यसका साथै, वैदेशिक भ्रमणबाट प्राप्त सिकाइलाई सरकारी संयन्त्रभित्रै संस्थागत रूपमा सदुपयोग गर्ने अर्को नयाँ कार्यको समेत थालनी गरिएको छ। विभिन्न वैदेशिक अध्ययन, भ्रमण, तालिम, बैठक, गोष्ठी, सेमिनार, कार्यशाला तथा सम्मेलनहरूमा सहभागी भई कर्मचारीहरूले हासिल गरेको ज्ञान, सीप, अनुभव तथा असल अभ्यासहरूलाई आफ्नै कार्यालयका अन्य कर्मचारीहरूमाझ पुर्‍याउन अनिवार्य गरिएको हो।

यसका लागि वैदेशिक भ्रमण सकेर कार्यालयमा हाजिर भएको पाँच दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत निकायका अन्य कर्मचारीहरूबीच सिकाइ तथा अनुभव आदानप्रदान गर्नुपर्ने व्यवस्था मिलाउन सबै निकायहरूलाई पत्राचार गरिएको छ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बाबुजी हमर ।।

बाबुजी छलै हमर
बहुत महान
हमरा सबके पोईथ पाईल
क कैलकै सियान
अपने करै छलै मेहनत
मजदुरी के काम
हमरा सबप रखै छलै
ध्यान
अपने दुख करै छलै
बाबुजी हमरा सबके
पढ़ैलक लिखैलक
निक निक देलकै ज्ञान
बाबुजी के गुण कभु नै
भुलव, बाबुजी के हम बुझव भगवान
बाबुजी हमर आँईक ज्योति
बाबुजी हमर विश्वास
बाबुजी हमर देवी देवता
बाबुजी हमर आन बान सान
बाबुजी के करव टहल टिपोरा
बाबुजी के राखब नाम
बाबुजी के साथ कभु नै छोरब
बाबुजी के गाईव गुन गान



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। मेरो देश यस्तो देश हो ।।

मेरो देश यस्तो देश हो..
जहाँ १६ वर्षकी छोरीको
रगतले भिजेको
शरीरभन्दा
अपराधीको उमेर ठूलो
मुद्दा बन्छ।
जहाँ चार-चार जना
दरिन्दाले
एक नाबालिका छोरीको
आत्मा च्यातेर फाल्छन्,
उसको पाठेघर फुट्छ,
उसको शरीर रगतले
डुब्छ,
र अन्तिम साससम्म
उसको चिच्याहटले
आकाश फाट्छ...
तर अदालतको कोठामा
एउटा चिसो वाक्य
उत्रिन्छ-
“मुद्दा विचाराधीन छ,
किनकि केटा नाबालक
छन्।”
मेरो देश यस्तो देश हो-
जहाँ बम पड्काएर
बाँचेको मानिसलाई
जिउँदै आगोमा हालेर
मार्ने
रक्तरञ्जित हातहरू
सत्ताको छायाँभित्र
लुक्छन्,
र सरकारको शक्तिले
उनीहरूलाई निर्दोष
बनाइन्छ।
मेरो देश यस्तो देश हो-
जहाँ भ्रष्टाचार र
बेरोजगारीविरुद्ध
युवाले आवाज उठाउँदा
पहिले आवाज बन्द
गरिन्छ,
सामाजिक सञ्जाल
बन्द गरिन्छ।
र जब युवा सडकमा
उत्रिन्छन्
सिर्फ आफ्नो आवाज
फिर्ता माग्न-
त्यस बेला आदेश
आउँछ,
गोली चलाऊ।
गोलीहरू
टाउको छिनेर,
छाती छिनेर,
मान्छेमा ठोक्किन्छन्।
त्यही क्षण
देशको भविष्य
रक्ताम्य भएर ढल्छ-
उन्नाइस जना विद्यार्थी
सडकमै ढल्छन्।



**राम सर**
**छिपहरमाई गा.पा. -४, पर्सा**

## ।। मृत्यु ।।

मृत्यु एउटा अटुट सत्य हो
जीवन एउटा वैकल्पिक ऊर्जा हो
यसलाई कुलतमा खेर नफालौं
मृत्यु पश्चात पनि जीवन छ
यो वैज्ञानिक अध्ययन ले बताउँछ
शरीर तथा त्वचा जलेर भष्म हुन्छ
मनुष्यको आत्मा कहीँ समाउँछ
प्राण पखेरु उडेर नयाँ ठाउँमा सृजना हुन्छ
तसर्थ सत्कर्म र सुविचार बाँचुन्जेल अपनाउँ
समाजिक तथा सात्विक विचारधाराले बाँच्न सिकौं र सिकाउँ
रुपैया पैसा मा बाँधिएको यो संसार
माया प्रेमको लेनदेन ले नै अडेको छ यो ब्रह्माण्ड
प्रविधि तथा डिजिटल युगमा पनि कयौं गाउँ निरक्षर छ
किसानीमा मात्रै भर परेको छ
शिक्षित तथा राजनीतिक पक्षले हामी कृषि प्रधान देशलाई
सुयोग्य जल क्षेत्र तथा पानीपोस खेताला बनाऔं
कृषि शिक्षामा उन्मुख भई किसानलाई नगदे हिउँदे तथा मौसमी
बालीनाली गर्नमा सहयोग पुऱ्याओ
शिक्षा एउटा हरेक घरको सफलताको शिखर हो
किसानी नेपालको मेरुदण्ड हो
बिजुलीको धनी स्रोत नेपाल
विद्युत बेचौं मलखाद बिउ बिजन किसानलाई सहजै वितरण र
उपलब्ध गराउँ
एकअर्कामा सहयोगी भावना को ऊर्जा उत्पन्न गराउँ
हामी सबै एकदिन जाने समसान नै हो
चाहे रहौं एसी महलमा या झुपडीको सहरमा
ओखातीले जीवनको केही समय लम्बिन्छ तर
पैसाले पोल्छ मायाले सबैको मन हाँस्छ
सीमित राखौं बढीमा सहज सुगम उपयोग गरी आआफ्नो
ठाउँबाट सुसज्जित समाज निर्माण गरौं
देशविदेश जाने प्रयास गरौं वैदेशिक प्रगति अध्ययन गरौं
फेरि फेरि फर्की आफ्नै घरपरिवारलाई देशलाई आआफ्नो तह
तबका बाट नौलो प्रगतिशील समाजको निर्माण गरौं
मृत्यु एउटा अविस्मरणीय अटुट सत्य हो
जीवन एउटा वैकल्पिक ऊर्जा हो



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। मरुभूमिमा हराएका सपना ।।

कहाँ सजिलो छ र आमा परदेशी जीवन !
भोकै काट्नु परेको छ यहाँ कयौँ रात,
दिनदिनै कठिन हुँदैछ आमा यहाँ,
घरको यादले दिन काट्न झन् ।
आमा! वर्षौं भइसक्यो अपरिचित सहर छिरेको
अझै ताजै छ घरको तस्विर मस्तिष्कमा,अनि
वर्षायाममा धरधरी चुहिएको घरको छानो
बारम्बार प्रयास गर्दा नि फेर्न नसकेको ।
वर्षौं पछि यस पटक घर फर्कने आशामा ,
मनभित्र फेरि ठूला-ठूला सपना बुन्दै छु ,
उता फेरि ब्याज तिरेस् भन्दै साहु,
बारम्बार आँगनमा आएको कुरा सुन्दै छु ।
अब जस्तोसुकै परिस्थिति आओस् आमा,
अझ दुई-चार वर्ष खाडीको घाममै जल्नेछु
हरेक दिनरात पसिना बगाएर भएपनि
साहुको साँवा-ब्याज समयमै चुक्ता गर्नेछु।
ऋण चुक्ता गर्न परदेश निस्केको म आमा,
समयमै तिर्न नपाउँदा, तिम्रो मन रोएको बुझ्छु
दुःख पर्यो छोरालाई भनी किन आत्तिन्छ्यौ र ?
जिन्दगीको सुरुवात पनि हुँदै भएको होइन र ?



**लेखकः पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगानाः ग. चा.न.पा-१ (धनुषा)**

## ।। हिन्दु माथि नै आक्रमण ।।

हिन्दुहरु कै देशमा हिन्दु माथि नै आक्रमण भएपछि ।
मारिन्छ छ हिन्दु मन्दिरमा पुजा गर्ने र बोल बम गएपछि ।
हिन्दुहरुको पर्व र पुजामा विवाध र ढुङ्गा मुक्का हुन्छ
नेपाल को संविधान २०७२ लोकतन्त्र गणतन्त्र भएपछि ।
विश्वको एकमात्र हिन्दु राष्ट्र नेपाल फेरिन्छ धर्मनिरपेक्ष मा
रातारात विदेशीको दवाब र डलरको चलखेल भएपछि।
मधेसी, पहाडी, र हिन्दु नेपाली माथि नेपाल सरकार ले गोली
चलाउछ, देश धर्म निरपेक्ष र गणतन्त्र भएपछि।
कतै धर्म परिवर्तन त कतै लव जिहाद मा फसाइन्छ हिन्दु
छोरीलाई तर मौन किन छ हिन्दुहरु कै सरकार भएपछिह भब
२२त्रा।
८२% हिन्दु भएको देशमा पुन हिन्दुराष्ट्र को माग गर्दा देशमै



**बलराम गुप्ता**
**जनकपुर धाम**

## ।। पापको साम्राज्य ।।

पापको साम्राज्यमा छ क्रोध भूपति,
काम, लोभ र मोह बनेछन् मन्त्रि कति।
मर्यादा भो मलामी, पवित्रताको लाश,
उडेको खरानीको कात्रो, अग्निसँगै चिताको बास।
जलाइएको पुण्यको शव, नुन बार्ने भयो पापी,
पुण्यको गरियो क्रिया, सेतो वस्त्रमा जीवन साक्षी।
धर्मपुत्र बनेको कलि, पापी मूर्ति छन् यहाँ,
शासन नोकरको घरमा, जनता कटौरा लिँदैछन् त्यहाँ।
ढुङ्गाको मानव अनि देवताको जीवन, कामको रात र ईर्ष्याको
धन,
पापी पुण्यात्मा पापको युगमा।
हलाल भएको प्रेम, सती गएको सत्य,
अमृत बनेको झुट, विष बनेको कर्म।
ताल्चा लागेको न्यायालयमा सद्गुणको फाँसी,
अधर्मको तेस्रो नेत्र स्वयम्भूमाथि, हिंसाको उपदेशमा
बुद्धत्व साक्षी।
पापको साम्राज्यमा छ क्रोध भूपति,
काम, लोभ र मोह बनेछन् मन्त्रि कति।



**लेखक : प्रिन्स कार्की**
**ठेगाना : नयाँ ठिमी, भक्तपुर**

## ।। मचलो हाहा कार ।।

किया रुसल छा बोला तु
अतःबेटा बन्ल छो परेशानिमे।।
तोरे कृपास इन्द्र चलै छो
किया डाले छा परेशानिमे...२
ममतामे डुबल मैयाँ पार्वती
दिवानी बन्ल छो अतःसोमबारीमे।।
चन्द्रस ढाकल शिर तोहर
अबो त खोल द्वार मङ्गलाबारीमे...२
नाच देख तु कैलाश प बैठ
बैमान बन्ला तु पानीके।।
बेटाके पुकार नै सुन्न तु
किया कनबैछा अतःसब प्राणीके...२



**शब्दः- बिरेन्द्र कु. मण्डल उर्फ (बिबस)**
**ठेगानः- हंसपुर ०८ भतही**
**शिक्षकः- मा.बि. मुखियापट्टी**

## ।। हराएको छु ।।

म आफैं आफैंमा हराएको छु,
पहिले कस्तो थिएँ, अहिले कस्तो भएको छु।
संसारमा म त निराश भएको छु,
त्यही भएर एक्लो भएको छु।
म आफ्नो मुहार आफैंले तालमा खोजिरहेको छु,
मनको पीडा अति भयो, मनैमा खोजिरहेको छु।
मित्ताई बुझिदिने कोही भएन,
त्यसैले मानिस संसारमा खोजिरहेको छु।
जीवनको के भर हुन्छ,
आज छु, भोलि नहुन पनि सक्छु।
म सबैबाट टाढिएर,
आफ्नै मान्छेको भिडमा एक्लो भएको छु।
विश्वास गरिघात सहेर,
विश्वासमै घात सहेर,
मुटुमा मेरो चोट लाग्यो,
कहाँ गएर रात बित्यो।
म आफैं आफैंमा हराएको छु,
पहिले कस्तो थिएँ, अहिले कस्तो भएको छु।



**घनश्याम कु. शर्मा**
**जनकपुर धाम-११**

## ।। जिउँदै हुँदा ।।

यो दुनियाँ पनि कस्तो रहेछ,
जिउँदो हुँदा मान्छे गिराउँछ,
उसको पीडा देखेर पनि हाँस्छ,
तर मरेपछि भने
उसकै गुण गाएर रुन्छ।
जिउँदै हुँदा एक शब्द
मायाले बोल्न गाह्रो हुन्छ,
तर मरेपछि हजारौं शब्दमा
“ऊ त धेरै राम्रो थियो” भनिन्छ।
हिजो साथ चाहिँदा
छोडेर जानेहरू,
आज उसको तस्वीरअगाडि
फूल लिएर उभिन्छन्।
कस्तो अचम्मको रीत रहेछ–
जिउँदालाई आँसु दिने,
मरेपछि आँसु झार्ने।
त्यसैले मान्छेलाई
मरेपछि होइन,
जिउँदै हुँदा माया गरौं,
किनकि चिहानमाथि राखेको फूलले
कहिल्यै फर्केर
उसको मुटु छुन सक्दैन।



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। अवसर देऊ न सरकार ।।

सानैदेखि सपना बोकेँ, आँखामा ठूलो आस
केही गरूँ देशका लागि, मनमा थियो विश्वास
सीप छ, जोश छ, केही गर्ने चाहना छ
तर अवसर खोज्दा, बाटो नै कहाँ छ
गाउँमा युवा धेरै छन्, सपना बोकेर
सहरतिर पुग्छन्, अवसर खोजेर
प्रतिभा छ मनमा, उड्ने चाहना छ
तर पखेटा भए पनि, आकाश कहाँ छ
पढ्न मन छ, सिक्न मन छ, अघि बढ्ने रहर
तर अवसर नहुँदा, भारी हुन्छ यो सहर
हामी कमजोर होइनौं, समयले रोकेको छ
युवाको सपनालाई, अभावले छेकेको छ
आज सानो छु, भोलि ठूलो बन्नेछु
यही माटोका लागि, केही गर्नेछु
मलाई दया होइन, अवसर चाहिन्छ
युवालाई अवसर देऊ, देश आफैं बदलिन्छ



**लेखक भिटोरी यादव**

## ।। कर्म र मानवता ।।

मानवताले भरिएको होस् जसको जीवनको पथ,
स्वयम् ईश्वर बन्छन् उनको यात्राका सारथि र रथ।
शरीरभन्दा गहिरो हुन्छ मनको पीडा र घर्षण,
जीवन सहज बन्छ, जब सही हुन्छ मार्गदर्शन।
व्याकुल हुन्छ मन, जब आउँछन् अरूका राय,
यो संसारमा को नै आफ्नो सबै हुन्छन् प्राय।
गङ्गाजललाई नसोध, “तिमी कति पवित्र छौ?“
तिम्रा कर्मले नै बताउँछन्, तिमी वास्तवमा को हौ।
सधैं इमानदार भएर आफ्नो कर्मको बाटोमा लाग,
हृदयको उज्यालो बनी अँध्यारोमा पनि दियो बनी जाग।
आगोभन्दा छोइने हुन्छ कहिलेकाहीँ मनको अहंकार,
तर विनम्रताले नै बनाउँछ मानिसलाई साँच्चिकै उदार।
देख्छन् सबैले केवल तिम्रो आजको हाँसो र हर्ष,
तर कसले देख्छ र,तिमीले भोगेको दुःखदायी संघर्ष?
तिम्रो कथा लेख्नेछन् आफैं,तिम्रा असल कर्मले,
अमर बनाउनेछ तिम्रो नाम, तिनै सत्कर्मले।



**जगदीप कलवार**
**औरही नैनिगौरी-०१, महोत्तरी**

# बिहेपछि फिल्म नखेल्ने भनेकी पूजाले फेरिन् बोली

काठमाण्डु । करिब ५ वर्षअघि अभिनेत्री पूजा शर्माले गरेको एउटा घोषणाले उनका प्रशंसकलाई समेत निराश तुल्यायो । उनले आफूले निर्माण तथा अभिनय गरेको फिल्म ‘रामकहानी’को गीत सार्वजनिक कार्यक्रममा विवाहपछि फिल्ममा काम नगर्ने उद्घोष गरेकी थिइन् । अबको २-३ वर्षपछि विवाह गर्ने र त्यसपछि सुशील बुहारी भएर बस्ने उनको भनाइ थियो ।

यसबारे उनले एक अन्तर्वार्तामा समेत भनेकी छन्, ‘विवाहपछि म यो लाइन छाड्छु । कहिल्यै पनि दुई डुंगामा खुट्टा हाल्नु हुँदैन । एउटा न एउटाबाट चिप्लिन्छ । यसैले फिल्ममा हुँदासम्म म यसलाई नै ध्यान दिन्छु । परिवार भएपछि सासु-ससुराको माया पाएर ज्ञानी बुहारी भएर बस्न चाहन्छु । विवाहपछि



परिवारलाई समय दिने हो, फिल्म भनेर बस्दिनँ । यो मेरो पहिल्यैदेखिको सोच हो ।’

तर, गत वर्ष युद्ध बानियाँसँग विवाह बन्धनमा बाँधिएकी पूजाले अहिले भने बोली फेरेकी छन् । बुधबार एक फिल्मको विशेष शोमा उपस्थित भएकी उनले श्रीमानले साथ दिएका कारण फिल्ममा काम गरिरहेको बताइन् । उनले भनिन्, ‘मेरो पार्टनरले नै फिल्ममा काम गर भन्नुहुन्छ । जो व्यक्तिबाट साथ-सहयोग मिल्नुपर्ने हो, उहाँले नै त्यसो भनेपछि किन नगर्ने ?’

डेढ महिनादेखि ‘महाराजधिराज’को छायांकन व्यस्त रहेकी पूजा भदौबाट आफ्नै लगानीमा बन्न लागेको फिल्म ‘रत्यौली’मा काम गर्ने तयारीमा छिन् । उनको पाइपलाइनमा ‘मन बिनाको धन २’ र ‘एक्का तीन’ पनि छन् । यसरी हेर्दा यस वर्ष उनलाई फिल्म छायांकनमा भ्याइनभ्याइ हुने देखिन्छ । फिल्मसँगै उनले ललितपुरमा रेस्टुरेन्ट व्यवसाय समेत सञ्चालन गर्दै आएकी छन् ।

# जेनजी आन्दोलनका निर्दोषमाथि अन्याय हुँदैन र दोषीलाई छुट दिइन्न: गृहमन्त्री



काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले जेनजी आन्दोलनका क्रममा दर्ता भएका मुद्दा फिर्ताको प्रक्रिया गम्भीरतापूर्वक अघि बढाइने बताउनुभएको छ । उहाँले निर्दोषलाई पूर्वाग्रह वा प्रतिशोधका आधारमा मुद्दामा पार्न नहुने भन्दै जघन्य अपराधका मुद्दामा कसैलाई पनि छुट नहुने स्पष्ट पार्नुभयो ।

प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको आजको बैठकमा उहाँले सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिनेसम्बन्धी निर्देशिका, २०६६ को दफा ८ अनुसार मुद्दा फिर्ताबारे अध्ययन गर्न समिति गठन गरिएको जानकारी दिनुभयो । "समितिले संवेदनशील भएर अनुसन्धान गरिरहेको छ, अब धेरै हुँदैन", गृहमन्त्री गुरुङले भन्नुभयो । उहाँले प्रक्रिया ढिलो हुनुका कारण निर्दोष व्यक्ति अन्यायमा नपरोस् र कसैले शक्ति दुरुपयोग गरी प्रतिशोध लिन नपाओस् भन्ने विषयमा गम्भीरता अपाएको सुनाउनुभयो ।

गृहमन्त्री गुरुङले समितिले दिएको सुझाव र प्रतिवेदनका आधारमा सम्बन्धित ऐनसंशोधनलाईमन्त्रालयलेप्राथमिकतामा राखेको बताउनुभयो। ऐनलाई समयसापेक्ष बनाउन आवश्यक रहेको उहाँको भनाइ छ।

गृहमन्त्री गुरुङले कारागारको क्षमता र कैदीबन्दीको सङ्ख्याबीच ठूलो अन्तर रहेको उल्लेख गर्नुभयो । हाल करिब २८ हजार कैदीबन्दी रहेकामा कारागारको क्षमता करिब १९ हजार मात्रै रहेको भन्दै भौतिक पूर्वाधार विकासका लागि विभिन्न कारागारको अवस्था अध्ययन एवं आवश्यक बजेट व्यवस्था गरिने समितिलाई जानकारी दिनुभयो ।

कारागारमा नाइके, भाइ नाइके र चौकीदार नियुक्तिको अभ्यासलाई पारदर्शी बनाइने बताउँदै मन्त्री गुरुङले केही समयका लागि चौकीदार नियुक्ति रोकिएको पनि बताउनुभयो । उहाँका अनुसार व्यक्तिबीच प्रतिस्पर्धात्मक तथा पारदर्शी प्रक्रियाबाट छनोट गर्ने व्यवस्था गरिने प्रष्ट पार्नुभयो ।

मन्त्री गुरुङले आर्थिक रूपमा कमजोर कैदीबन्दीलाई वैतनी वकिलमार्फत निःशुल्क कानुनी सहायता उपलब्ध गराइरहेको र कैदीकट्टासम्बन्धी नियमावली संशोधनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरिएको जानकारी दिनुभयो । कारागारको भौतिक संरचना सुधार प्राथमिकतामा राख्दै यसका लागि बजेट विनियोजन पनि गरिएको उहाँले सुनाउनुभयो ।

गृहमन्त्री गुरुङले समितिको बैठकमा गृह मन्त्रालयका सचिव र प्रहरी अधिकारीमाथि उजुरीका आधारमा गरिएको व्यवहारप्रति असन्तुष्टि जनाउनुभयो । उहाँले उजुरी परेकै आधारमा कसैलाई दोषी ठहर गर्न नमिल्ने भन्दै आरोप पुष्टि नभएसम्म कसैको चरित्रहत्या हुने गरी निष्कर्षमा पुग्नु नहुने स्पष्ट पार्नुभयो । रासस

# जेनजी आन्दोलनको राजनीतिक सहमति सबैले स्वीकार्नु पर्छ: मन्त्री गौतम



काठमाण्डु । कानुन, न्याय तथासंसदीयमामिलामन्त्रीसोविता गौतमले तत्कालीन सरकार र जेनजी समूहबीच भएको राजनीतिक सहमतिहरू सबैलाई स्वीकार गर्न आग्रह गर्नुभएको छ ।

प्रतिनिधिसभा कानुन, न्याय तथा मानवअधिकार समितिको शुक्रबारको बैठकमा मन्त्री गौतमले जेनजी आन्दोलनपछि २०८२ मङ्सिर २५ गते जेनजी र नेपाल सरकारबीच सहमति भएबमोजिम सरकारले जेनजी आन्दोलनलाई जनआन्दोलनको रूपमा स्वीकार गरेको प्रष्ट पार्नुभयो । उहाँले सरकार र आन्दोलनकारी बीचको यो ऐतिहासिक एवं राजनीतिक दस्तावेजलाई सबैले स्वीकार गर्नुपर्नेमा जोड दिनुभयो ।

राज्यबीचको सम्झौता अमान्यभएसमाजमाफेरिअशान्ति र द्वन्द्व सिर्जना हुनसक्ने भन्दै मन्त्री गौतमले समाजमा शान्ति स्थापना गराउनु सबैको दायित्व भएको जिकिर गर्नुभयो। शान्तिपूर्ण समाज निर्माणमा सबैको एकरुपता आवश्यक रहेकाले सहकार्य र समन्वयबाट शान्त र समृद्ध समाज निर्माणमा हातेमालो गर्नुपर्ने उहाँको धारणा छ।

"ठूलो राजनीतिक परिवर्तन र सामाजिक द्वन्द्वपछि भएका राजनीतिक सहमति दुई पक्षको कानुनी सम्झौता हो", मन्त्री गौतमले भन्नुभयो, "देशलाई शान्तिपूर्ण बाटोमा फर्काउनका लागि तत्कालीन सरकारले गरेको सहमति सबैले अङ्गिकार गर्नुपर्छ ।" जेनजी आन्दोलनलाई जनआन्दोलनभनेरतत्कालीनसरकारले स्वीकार गरेको अवस्था स्मरण गराउनुभयो।

बैठकमा मन्त्री गौतमले कैदीबन्दीहरूलाई उत्पादनमूलक कार्यमा लगाउनुपर्ने बताउँदै कारागार व्यवस्थापनको समग्र सुधारका लागि गठित अध्ययन समितिको प्रतिवेदनका आधारमा कारागार व्यवस्थापन सुधार गरिने उल्लेख गर्नुभयो।

प्रतिवेदनमा आएका सुझावका आधारमा कानुन सुधार गर्दै कार्यान्वयनलाई चुस्त बनाउने अभ्यासमा मन्त्रालय लागेको उहाँले बताउनुभयो । उहाँले गृह मन्त्रालयसँग समन्वय गरेर समयअनुकूलको परिस्कृत कारागार ऐन, २०७९ लाई संशोधन गर्न लागिएको जानकारी दिनुभयो। कारागार व्यवस्थापन विभागको गत असार ११ गतेसम्मको तथ्याङ्क अनुसार १८ देखि ५९ वर्ष उमेर समूहका कैदीबन्दी २६ हजार २९ जना छन्।

तसर्थ राज्यलाई प्रत्येक वर्ष प्रतिकैदीको खर्च रु एक लाख ३५ हजार खर्च लाग्छ । मन्त्री गौतमका अनुसार एक वर्षमा रु २६ हजार २९ जना कैदी पाल्न राज्यले रु तीन अर्ब ५१ करोड ३९ लाख १५ हजार खर्च गर्नुपर्ने अवस्था छ।

मन्त्री गौतमले कैदीलाई पाल्न राज्यले खर्च गर्नुभन्दा पनि अपराध कम गर्न, कैदीबन्दीको सक्रिय जीवनमा सहयोग गर्न, उत्पादन र सिर्जनामा जोड्ने जस्ता नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। रास

# मुख्यमन्त्री बानियाँ भदौ १ गते विश्वास मत लिँदै



मकवानपुर ॥ नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दिएको समर्थन फिर्ता लिएपछि बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले अहिले अल्पमतको सरकार चलाइरहनुभएको छ।

नेपाली कांग्रेस र नेकपा एमालेबीच एक वर्षदेखिको सत्ता साझेदारीलाई नेपाली कांग्रेसले नै गत ३१ असारमा निरन्तरता दिन नसकिने निष्कर्ष सार्वजनिक गरेसँगै एमालेलाई सरकारलाई दिएको आफूलाई समर्थन गरेको दल सरकारबाट बाहिरिएपछि संवैधानिक व्यवस्थाअनुसार एक महिनाभित्र विश्वासको मत लिइसक्नुपर्ने भएकाले मुख्यमन्त्री बानियाँले आगामी १ भदौमा प्रदेशसभाबाट विश्वासको मत लिने तयारी गर्नुभएको छ।

कांग्रेस बागमती प्रदेश संसदीय दलका सचिव मीनकृष्ण महर्जनले मुख्यमन्त्री बानियाँले आगामी १ भदौमा विश्वासको मत लिने तयारी गर्नुभएको जानकारी दिनुभयो । मुख्यमन्त्रीले विश्वासको मत लिने तयारी पूरा गरिसकेको र प्रदेशसभामा प्रतिनिधित्व गर्ने अन्य दलसँग पनि समर्थनका लागि छलफल भइरहेको उहाँले जानकारी दिनुभयो।

विश्वासको मतको तयारी भइरहेकैबेला प्रदेशसभामा दुई सिट रहेको हाम्रो नेपाली पार्टी (हानेपा) पनि सरकारमा सहभागी भएको छ । मुख्यमन्त्री बानियाँले त्यस दलका शैलेन्द्रराज बज्राचार्यलाई भौतिक विकास तथा पूर्वाधार मन्त्रालयको जिम्मेवारी दिनुभएको छ।

एमाले सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री बानियाँले मन्त्रिपरिषद् पुनर्गठन गर्दै प्रदेशसभा सदस्य शिवराज अधिकारीलाई आन्तरिक मामिला, कानुन तथा सहकारी, उर्मिला नेपाललाई कृषि, पशुपन्छी, वन तथा वातावरण, कञ्चनचन्द्र बादेलाई स्वास्थ्य तथा सामाजिक विकास, प्रभात तामाङलाई आर्थिक मामिला तथा योजना, सुरेश श्रेष्ठलाई उद्योग, पर्यटन, श्रम तथा यातायात तथा कृष्णकुमार तामाङलाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी दिनुभएको छ।

प्रदेशसभा सचिवालयका प्रवक्ता तथा उपसचिव प्रकाश चापागाईंले मुख्यमन्त्री बानियाँले आगामी ४ भदौभित्र विश्वासको मत लिइसक्नुपर्ने संवैधानिक प्रावधान रहेको बताउनुभयो।

नेपालको संविधानमा प्रदेश सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभासमक्ष विश्वासको मतका लागि प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट विश्वासको मत पारित हुन नसके मुख्यमन्त्री पदमुक्त हुने प्रावधान छ।

नेपालको संविधानबमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थन प्राप्त सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गर्नसक्ने संवैधानिक व्यवस्था रहेको चापागाईंले बताउनुभयो।

एक सय १० सदस्यीय बागमती प्रदेशसभाका छ जना सदस्य गत फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्नुभएपछि हाल सभामा १०४ सदस्य कायम छ।

वर्तमान अवस्थामा बहुमत सिद्ध गरी सरकार निर्माण गर्न वा जोगाउन ५३ सांसदको समर्थन आवश्यक पर्नेछ। प्रदेशसभामा कांग्रेस ३६ सिटसहित ठूलो दलका रुपमा उपस्थित छ भने नेकपा एमालेसँग उपभासमुखसहित २५ र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)सँग २६ सिट रहेको छ। एमाले र नेकपाबीच नयाँ सत्ता गठबन्धनका लागि समझदारी बने पनि दुई दलको सिट सङ्ख्या जोड्दा ५१ मात्र छ।

प्रदेशसभामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १२, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का ३ र हाम्रो नेपाली पार्टीका दुई सांसद छन्। पछिल्लो पटक बनेको एमाले-नेकपा गठबन्धनले सरकार बनाउन राप्रपा, नेमकिपा वा अन्य साना दलको समर्थन निर्णायक बन्नेछ।

गत वर्ष ९ साउन २०८१ मा कांग्रेस र एमालेबीच भएको सत्ता साझेदारी सहमतिअनुसार कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा मुख्यमन्त्री बन्नुभएको थियो।

दुई दलबीच २०-२० महिना आलोपालो सरकारको नेतृत्व गर्ने सहमति थियो। तर, एक वर्ष नपुग्दै कांग्रेस बागमती प्रदेश संसदीय दलको नेता परिवर्तन गर्दै हालका मुख्यमन्त्री बानियाँलाई विसं २०८२ मा प्रदेश संसदीय दलको नेता तथा मुख्यमन्त्री बन्नुभएको थियो । त्यसपछि पनि एमालेसँगको सत्ता साझेदारी कायम रहेकामा पछिल्लो समय कांग्रेस केन्द्रको नयाँ निर्णयसँगै गठबन्धन टुट्न पुगेको हो।

पछिल्लो समय एमाले-नेकपाबीच सरकार गठनका लागि सहमति बनेसँगै एमालेभित्र मुख्यमन्त्रीका विषयमा विवाद सिर्जना भएको छ । मुख्यमन्त्री को भन्ने आन्तरिक विवादै कारण बागमती प्रदेश एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाविरुद्ध २७ साउनमा अविश्वास प्रस्ताव दर्ता भएको छ।

प्रस्तावमा १६ सांसदको हस्ताक्षर रहेको अविश्वास प्रस्तावका समर्थक किरण थापाले दाबी गर्नुभयो । आफू संसदीय दलको नेता तथा सम्भावित मुख्यमन्त्रीका रूपमा अघि बढेको उहाँको भनाइ छ । उहाँले एमाले र नेकपाबीच भएको सत्ता साझेदारीको सहमतिअनुसार बागमती प्रदेश सरकारको नेतृत्व एमालेले पाउने भएकाले एमालेले आफूलाई जिम्मेवारी दिने विश्वास व्यक्त गर्नुभयो । बहुमत जुटाउन राप्रपा तथा नेमकिपासँग पनि आफूले संवाद गरिरहेको उहाँले बताउनुभयो । नेता थपलियाले पार्टीलाई सुदृढ, एकताबद्ध र प्रभावकारी बनाउन आफू प्रतिबद्ध रहेको बताउनुभएको छ। रासस

# स्वदेशकै श्रमबजारलाई आकर्षक बनाउनुपर्छ: मन्त्री यादव



विराटनगर । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले मुलुकको श्रमबजारलाई आकर्षक बनाउन गम्भीर रूपमा सोच्नुपर्ने बताउनुभएको छ।

विराटनगरमहानगरपालिका-३ मदनगरमा नवनिर्मित श्रम तथा रोजगार कार्यालय भवनको आज उद्घाटन गर्दै उहाँले स्वदेशमै रोजगारी मर्यादित, सुरक्षित र सम्मानजनक बनाउन आवश्यक रहेको बताउनुभयो।

मन्त्री यादवले भन्नुभयो, "सरकारले रोजगार प्रवर्द्धन दशक घोषणा गरेको छ । उक्त घोषणाअनुरुप स्वदेशमै पर्याप्त अवसर सिर्जना गरी युवा जनशक्तिलाई राष्ट्र निर्माणमा जोड्ने हाम्रो लक्ष्य छ।"

नेपालको श्रमबजार युवामैत्री बनाउन सरकारले विशेष पहल गरिरहेको बताउँदै उहाँले बदलिँदो श्रमबजारको माग र श्रमिकको आकाङ्क्षालाई सम्बोधन गर्नेगरी पहिलो पटक श्रमनीति निर्माण भइरहेको जानकारी दिनुभयो।

मन्त्री यादवले रोजगारीका अवसर, आवश्यक योग्यता र सीप तथा श्रमबजारको मागलगायतका सूचनालाई एकीकृत गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेकाबीच अर्थपूर्ण संवाद गर्न 'श्रम संसार' प्रणाली स्तरोन्तति गरिएको बताउनुभयो।

मन्त्रालयका सचिव डा दीपक काफ्लेले श्रमिकको अधिकार संरक्षण गर्न सरकारले निरन्तर प्रयास गरिरहेको जानकारी दिनुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारीयुवराजकट्टेलले श्रम तथा रोजगार कार्यालयबाट सम्पादन हुने कार्य गुणस्तरीय, चुस्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। श्रम तथा रोजगारका कार्यालयका प्रमुख निरजकुमार देवले नवनिर्मित भवन रु पाँच करोड ३६ लाखको लागतमा निर्माण भएको जानकारी दिनुभयो । रासस

## 'विगतमा कम विकास भएका क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्छौं'

सुदूरपश्चिम । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सरकारले विगतमा कम विकास भएका क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभएको छ।

सुदूरपश्चिम प्रदेशमा पूर्वाधार निर्माणको अवस्थाबारे अनुगमनका लागि यहाँ आउनुभएका उहाँले आज धनगढीमा नेता तथा कार्यकर्तामाझ पालीका केन्द्रसम्म पक्की र जिल्ला केन्द्रसम्म दुईलेन सडक बनाउने गरी बजेटको व्यवस्था गरिएको जानकारी दिनुभयो। त्यसका लागि सुदूरपश्चिममा ३१४ किलोमिटर सडक निर्माण गर्ने आवश्यक बजेटको व्यवस्था गरिएको उहाँले बताउनुभयो।

यस्तै, सघन सहरी कार्यक्रमअन्तर्गत सहरी सडक निर्माण तथा मर्मतमा पर्याप्त बजेट रहेको र तीन वर्षमा तीन हजार पुल निर्माण गर्ने कार्यक्रमअन्तर्गत सुदूरपश्चिममा पनि विभिन्न योजना कार्यान्वयन गरिने उहाँले उल्लेख गर्नुभयो। मन्त्री लम्सालले सुदूरपश्चिममा अत्यावश्यक पूर्वाधार निर्माणका योजना ल्याएर आफूकहाँ आउन आग्रहसमेत गर्नुभयो। रासस

# मन्त्री बादीसँग युएनएफपिएका प्रतिनिधिको भेट



काठमाण्डु । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीसँग संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) का नेपाल प्रतिनिधि श्रीराम हरिदासले शिष्टाचार भेट गर्नुभएको छ।

मन्त्रालयमा शुक्रबार भएको भेटमा उहाँहरूबीच महिला तथा बालबालिकाको संरक्षण, लैङ्गिक समानता, सामाजिक न्याय तथा सीमान्तकृत समुदायको सशक्तीकरणका क्षेत्रमा गरिने सहकार्यलाई थप प्रभावकारी र परिणाममुखी बनाउने विषयमा छलफल भएको मन्त्री बादीको सचिवालयले जनाएको छ।

भेटका क्रममा मन्त्री बादीले नेपालमा लैङ्गिक समानता, प्रजनन स्वास्थ्य अधिकार तथा महिला, बालबालिका र किशोरकिशोरीको संरक्षणका क्षेत्रमा युएनएफपिएले विगत पाँच दशकदेखि पुऱ्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गर्नुभएको थियो । उहाँले मन्त्रालय र युएनएफपिएबीचको दीर्घकालीन साझेदारीलाई आगामी दिनमा अझ सुदृढ गर्दै जनताले प्रत्यक्ष अनुभूति गर्ने परिणाममा केन्द्रित गर्नुपर्नेमा जोड दिनुभएको थियो।

मन्त्री बादीले लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह तथा सामाजिक हानिकारक अभ्यास र कुप्रथाको अन्त्य गर्नु मन्त्रालयको प्रमुख प्राथमिकतामा रहेको बताउनुभयो । महिला तथा किशोरीका लागि सुरक्षित गृह, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, किशोरी सशक्तीकरण तथा लैङ्गिक हिंसाविरुद्ध प्रतिकार्य प्रणाली निर्माणमा युएनएफपिएले गर्दै आएको प्राविधिक सहयोग महत्वपूर्ण रहेको उहाँले उल्लेख गर्नुभयो । त्यसैगरी, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका अधिकारको संरक्षण, सबै प्रकारका भेदभावको अन्त्य तथा स्वास्थ्य सेवा, सामाजिक सेवा र कानुनी संरक्षणमा समान र सहज पहुँच सुनिश्चित गर्ने विषयमा सहकार्य विस्तार गर्नेबारे उहाँहरूबीच छलफल भएको मन्त्री बादीको सचिवालयले जनाएको छ। रासस

# जेनजी आन्दोलनका घाइते र सहिद परिवारसँग भएका सम्झौता कार्यान्वयन गर्न सहजीकरण समिति गठन



काठमाण्डु। सरकारले गतवर्षभदौ २३/२४ मा भएको जेन-जी आन्दोलनका क्रममा भएका घाइते तथा सहिद परिवारका सम्झौता कार्यान्वयनका लागि सहजीकरण समिति गठन गरेको छ । आज यहाँ आयोजित प्रेस ब्रिफिङमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव हेमराज अर्यालले उक्त जानकारी दिनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिवको संयोजकत्वमा गठित 'जेनजी सम्झौता तथा एकीकृत प्याकेज कार्यान्वयन समन्वय एवं सहजीकरण समिति' ले सरकार र आन्दोलनकारी पक्षबीच भएका सम्झौताहरूको कार्यान्वयन र समन्वयमा मुख्य भूमिका खेल्नेछ जनाइएको छ।

नेपाल सरकार र जेन-जी प्रतिनिधिहरूबीच २०८२ मङ्सिर २४ गते भएको सम्झौता र मन्त्रिपरिषद्को २०८३ असार १८ गतेको बैठकबाट स्वीकृत भएको 'एकीकृत प्याकेज' को कार्यान्वयनको प्रगति समीक्षा गर्ने मुख्य जिम्मेवारी यस समितिलाई तोकिएको छ। समितिले प्याकेज कार्यान्वयनका लागि विभिन्न मन्त्रालयहरूबीच आपसी समन्वय पनि कायम गराउनेछ।


यो समितिले आन्दोलनका घाइते तथा सहिद परिवारका लागि प्रत्यक्ष सम्पर्क बिन्दुको रूपमा काम गर्नेछ । मन्त्रिपरिषद्बाट स्वीकृत प्याकेजमा व्यवस्था भएबमोजिम प्रभावित परिवारहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीसमेतका संवेदनशील विषयहरू कार्यान्वयनमा ल्याउन समितिले विभिन्न सरकारी निकायहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्नेकार्यादेश पाएकोछ।

सम्झौता र प्याकेज कार्यान्वयनका क्रममा आउन सक्ने व्यावहारिक समस्या वा जटिलताहरू समाधान गर्न समितिले आवश्यक सुधारका उपायहरू पहिल्याई सम्बन्धित निकायहरूमा सिफारिस गर्नेछ । आफ्नो कार्यादेश बमोजिम काम गर्ने क्रममा समितिले आवश्यकताअनुसार सरकारी वा गैर-सरकारी प्रतिनिधि तथा विषयगत विशेषज्ञ (विज्ञ) व्यक्तिहरूलाई समेत आमन्त्रण गरी छलफल र बैठकहरू सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ।

सहसचिव अर्यालको संयोजकत्वमा गठित यस समितिको सदस्यहरूमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट एक/एक जना उपसचिव तथा जेनजी आन्दोलनका सहिद परिवार र घाइते परिवारका तर्फबाट दुई/दुई जना हुनुहुन्छ। रासस

# ब्रिक्स शिखर सम्मेलनमा पेजेस्कियान दिल्ली जाने

एएफपी । इरानी राष्ट्रपति मसुद पेजेस्कियान आगामी सेप्टेम्बरमा नयाँदिल्लीमा हुने १८औँ ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन भारत जाने तयारीमा रहेको इरानी स्रोतहरूले शुक्रबार बताएका छन् । भारतले सन् २०२६ को अध्यक्षता सम्हाल्दै आयोजना गर्न लागेको सम्मेलनमा पेजेस्कियानको सहभागितालाई इरान-भारत सम्बन्ध र पश्चिम एसियाको पछिल्लो क्षेत्रीय परिस्थितिका दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।



भारतले सन् २०२६ को सुरुआतमा ब्राजिलबाट ब्रिक्सको अध्यक्षता ग्रहण गरेको हो । 'लचिलोपन, नवप्रवर्तन, सहयोग र दिगोपनका लागि निर्माण' भन्ने विषयवस्तुसहित सम्मेलन आयोजना हुँदैछ ।

इरान सन् २०२४ मा इजिप्ट, इथियोपिया र संयुक्त अरब इमिरेट्ससँगै ब्रिक्सको पूर्ण सदस्य बनेको थियो । सन् २०२५ मा इन्डोनेसिया पनि समूहमा प्रवेश गरेपछि ब्रिक्सका पूर्ण सदस्यको सङ्ख्या ११ पुगेको छ ।

राष्ट्रपति पेजेस्कियानले यसअघि सन् २०२४ को अक्टोबरमा रुसको कजानमा आयोजित ब्रिक्स शिखर सम्मेलनका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभएको थियो । भेटमा दुई नेताबीच द्विपक्षीय तथा क्षेत्रीय विषयमा छलफल भएको थियो ।

यसैबीच, इरानी विदेशमन्त्री अब्बास अराघचीले गत जुनमा भारतमा भएको ब्रिक्स विदेशमन्त्रीस्तरीय बैठकमा सहभागिता जनाउनुभएको थियो । बैठकपछि नयाँदिल्लीमा आयोजित पत्रकार सम्मेलनमा उहाँले पश्चिम एसियामा बढ्दो तनाव कम गर्न भारतले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताउनुभएको थियो ।

अराघचीले सशस्त्र द्वन्द्वको कुनै भविष्य नरहेको र वर्तमान सङ्कटको सैन्य समाधान सम्भव नभएकाले वार्तामार्फत समाधान खोज्नु नै व्यावहारिक बाटो भएको बताउनुभएको थियो । उहाँले पश्चिम एसियामा शान्ति स्थापनाका लागि भारतले रचनात्मक भूमिका निर्वाह गरेमा इरानले स्वागत गर्ने धारणा पनि व्यक्त गर्नुभएको थियो । भारतीय विदेशमन्त्री एस जयशङ्करसँगको भेटमा अराघचीले क्षेत्रीय घटनाक्रमबारे छलफल गर्दै हर्मुज जलघाँटीको सुरक्षामा इरानले आफ्नो ऐतिहासिक जिम्मेवारी निरन्तर निर्वाह गर्ने बताउनुभएको थियो । उहाँले व्यापारिक गतिविधिको सुरक्षाका लागि मित्र राष्ट्रहरूले इरानलाई भरपर्दो साझेदारका रूपमा लिन सक्ने दाबी गर्नुभएको थियो ।

इरानी सरकारले सामाजिक सञ्जालमा सार्वजनिक गरेको विवरणअनुसार अराघचीले ब्रिक्स विदेशमन्त्री बैठकमा पश्चिमी प्रभुत्व अन्त्य गर्न तथा अन्तर्राष्ट्रिय संस्थालाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्ने आवश्यकतामा समेत जोड दिनुभएको थियो ।

फेब्रुअरी २८ मा इरानविरुद्ध संयुक्त राज्य अमेरिका र इजरायलको संयुक्त सैन्य कारबाहीपछि पश्चिम एसियामा जारी तनावपूर्ण अवस्थाबीच राष्ट्रपति पेजेस्कियानको भारत भ्रमण हुन लागेको हो । यस्तो अवस्थामा ब्रिक्स सम्मेलनमा इरानी राष्ट्रपतिको सहभागिताले क्षेत्रीय सुरक्षा, कूटनीति र अन्तर्राष्ट्रिय सहकार्यका विषयमा छलफललाई थप महत्त्व दिने अपेक्षा गरिएको छ ।

# महिला खेलाडीले यौनजन्य दुर्व्यवहारबारे राखेपले अध्ययन गर्ने


AI Generated

**टुडे समाचारदाता**

काठमाण्डु। महिला खेलाडीले यौनजन्य दुर्व्यवहारको सामना गर्ने परेको एक अध्ययनले देखाएपछि राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले त्यसको छानबिन गर्ने भएको छ।

राखेपको बिहीबार बसेको बैठकले छानबिन गर्ने सैद्धान्तिक निर्णय गरेको बताइएको छ । राखेप बोर्डमा रहेका ३ सदस्यलाई छानबिन प्रक्रिया अघि बढाउन भनिएको छ।

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको बोर्ड बैठकले महिला खेलाडीले यौनजन्य दुर्व्यवहारको सामना गर्नुपरेको विषयलाई गम्भीरतापूर्वक लिएको बताइएको छ।

'बैठकमा महिला खेलाडीले यौनजन्य दुर्व्यवहारको सामना गर्नुपरेको समाचारलाई गम्भीरतापूर्वक लिएको छ, बैठक सहभागीमध्येका एकले भने,' मन्त्री ज्यूबाट बोर्डमा हुने ३ महिला सदस्यहरुले यसमा अध्ययन गरेर प्रतिवेदन दिन भनिएको छ। चाँडै यो विषयमा छानबिन अघि बढ्ने सम्भावना छ।' राखेप बोर्डमा मोनालिसा खम्बू, सिक्का सुवाल र ललिता नाथ सदस्य छन्।

नेपालका महिला खेलाडीले यौनजन्य दुर्व्यवहार सामना गर्दै आएको एक अध्ययनले देखाएको छ।

खेलाडी छनोट र प्रतियोगिताका क्रममा यौनजन्य दुर्व्यवहार बढ्ने गरेको अध्ययनमा उल्लेख छ।

नेसनल एसोसिएसन फर स्पोर्ट्स हेल्थ एन्ड फिटनेस नेपालले सार्वजनिक गरेको प्रतिवेदनअनुसार २ सय ७६ महिला खेलाडी सर्वेक्षणमा सहभागी रहेको बताइएको छ।

सर्वेक्षणका अनुसार महिला खेलाडीमध्ये ३०.८ प्रतिशतले छनोटका क्रममा र २६.१ प्रतिशतले प्रतियोगिताका क्रममा दुर्व्यवहार भोगेको बताएका छन्। त्यस्तै, ८ प्रतिशतले प्रशिक्षणका क्रममा दुर्व्यवहार भएको उल्लेख गरेका छन्।

प्राध्यापक दिवाकरलाल अमात्यको नेतृत्वमा गरिएको सर्वेक्षणमा कराते, कबड्डी, एथलेटिक्स, भारोत्तोलन, जिम्न्यास्टिक, जुडो, भलिबल, बक्सिङ, उसु, तेक्वान्दो, फुटबल, आर्चरी, बास्केटबल, टेबलटेनिस र रग्बीसहित १५ खेलका महिला खेलाडी सहभागी थिए। उनीहरू अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा क्षेत्रीय प्रतियोगिताको तयारीमा रहेका खेलाडी हुन्।

प्रतिवेदनमा दुर्व्यवहारका कारण ६५.२ प्रतिशत खेलाडीले मानसिक तनाव महसुस गरेको उल्लेख छ। त्यस्तै, ४६.४ प्रतिशतले निराशा अनुभव गरेको र १३ प्रतिशतले सक्रिय खेल जीवन नै छाड्ने सोच बनाएको बताएका छन्।

दुर्व्यवहारबारे २६.१ प्रतिशत खेलाडीले कसैलाई जानकारी नदिएको पाइएको छ । २४.६ प्रतिशतले यसबारे जवाफ दिन चाहेनन् । घटनाबारे जानकारी गराउनेमध्ये धेरैले साथी वा प्रशिक्षकलाई भनेको प्रतिवेदनमा उल्लेख छ।

समस्या न्यूनीकरणका लागि ४६.४ प्रतिशत खेलाडीले देशव्यापी सचेतना तथा महिलासशक्तीकरणकार्यक्रमसञ्चालन गर्नुपर्ने बताएका छन्। त्यस्तै, २६.१ प्रतिशतले दोषीमाथि कानुनी कारबाहीको माग गरेका छन्।

प्रतिवेदनले महिला तथा बालबालिकाको सुरक्षाका लागि खेलकुदमा स्पष्ट आचारसंहिता, गोप्य उजुरी प्रणाली र विशेष नीतिगत तथा कानुनी व्यवस्था लागू गर्न सिफारिस गरेको छ।

# श्रीलंकामा एक हजारभन्दा बढी विदेशी पक्राउ

एएफपी । श्रीलंकाली प्रहरीले साइबर अपराध तथा वित्तीय ठगीविरुद्धको कारबाही तीव्र पार्दै यस वर्ष हालसम्म २७ वटा अभियानमा एक हजार ९३ जना विदेशी नागरिकलाई पक्राउ गरेको छ । सङ्गठित रूपमा सञ्चालन भइरहेका अनलाइन ठगीका सञ्जाल ध्वस्त पार्ने उद्देश्यले प्रहरीले कारबाही अघि बढाएको प्रहरी प्रवक्ता एफयु वुटलरले बिहीबार बताउनुभयो ।

मिडिया सम्मेलनमा प्रवक्ता वुटलरलेसाइबरअपराधश्रीलङ्काका लागि प्रमुख सुरक्षा चुनौती बन्दै गएको बताउनुभयो । उहाँका अनुसार आपराधिक सञ्जालले श्रीलङ्का तथा विदेशमा रहेका व्यक्तिलाई लक्षित गर्न डिजिटल माध्यम, सामाजिक सञ्जाल र अनलाइन वित्तीय प्रणालीको प्रयोग बढाउँदै लगेका छन् ।

प्रहरीका अनुसार सन् २०२४ मा साइबर अपराधसँग सम्बन्धित २६ वटा कारबाहीमा ५७३ जना विदेशी नागरिक पक्राउ परेका थिए । सन् २०२५ मा भने यस्ता दुईवटा कारबाहीमा २६ जना विदेशी पक्राउ परेका थिए । यस वर्ष पक्राउ पर्ने विदेशीको सङ्ख्या अघिल्ला दुई वर्षको तुलनामा उल्लेख्य रूपमा बढेको प्रहरीले जनाएको छ ।

प्रवक्ता वुटलरका अनुसार यस्ता आपराधिक सञ्जाललाई रोक्न र अनलाइन वित्तीय अपराध नियन्त्रण गर्न रक्षा मन्त्रालय तथा प्रहरी महानिरीक्षकको निर्देशनमा विभिन्न निकायबीच समन्वय गरी विशेष कारबाही सञ्चालन भइरहेको छ ।

कारबाहीका क्रममा पक्राउ परेका विदेशी नागरिकलाई निर्वासन गर्ने वा सम्बन्धित देशमा फिर्ता पठाउने प्रक्रिया पनि अघि बढाइएको उहाँले बताउनुभयो ।

श्रीलङ्काली प्रहरीले घरधनी, होटल सञ्चालक तथा व्यावसायिक भवनका मालिकलाई आफ्नो परिसर भाडामा लिन आउने विदेशी नागरिककोपहिचानतथासम्बन्धित कागजात सावधानीपूर्वक जाँच गर्न आग्रह गरेको छ । विदेशी नागरिक भाडामा बस्ने वा भाडामा लिएको परिसरबाट बाहिरिने अवस्थामा नजिकको प्रहरी कार्यालयलाई जानकारी गराउनुपर्ने कानूनी व्यवस्था रहेको प्रवक्ता वुटलरले बताउनुभयो ।

प्रहरीका अनुसार केही संदिग्ध साइबर अपराध सञ्जालले भाडाका घर, अपार्टमेन्ट, होटल तथा व्यावसायिक भवनलाई आफ्नो गतिविधि सञ्चालन गर्ने आधारका रूपमा प्रयोग गर्दै आएका छन् । त्यसैले यस्ता स्थानमा बस्ने विदेशी नागरिक तथा उनीहरूको गतिविधिबारे आवश्यक सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ ।

श्रीलङ्काली प्रहरीले अनलाइन ठगी तथा वित्तीय अपराधमा संलग्न सञ्जालको पहिचान, नियन्त्रण र विघटनका लागि आगामी दिनमा पनि संयुक्त कारबाहीलाई निरन्तरता दिने जनाएको छ ।

# लाइम रोगविरुद्ध खोप अध्ययन स्वीकृत

एएफपी । युरोपेली संघ (इयु) का औषधि नियामकहरूले मानिस वा जनावरको शरीरमा टाँसिएर रगत चुस्ने परजीवी किराले सार्ने लाइम रोगविरुद्ध विकास भइरहेको प्रयोगात्मक खोपको अध्ययन अघि बढाउन स्वीकृति दिएका छन् । खोप विकास गरिरहेका अमेरिकी कम्पनी फाइजर र फ्रान्सेली-स्विस कम्पनी वाल्नेभाले शुक्रबार यसको जानकारी दिएका हुन् ।



दुवै कम्पनीका अनुसार पाँच वर्ष वा सोभन्दा माथिका मानिसका लागि विकास गरिएको उक्त खोपले परीक्षणका क्रममा करिब ७० प्रतिशत प्रभावकारिता देखाएको छ । लाइम रोगविरुद्ध हालसम्म कुनै स्वीकृत खोप उपलब्ध छैन ।

यस वर्षको सुरुआतमा परीक्षणका केही नतिजा अपेक्षाअनुसार उत्साहजनक नआए पनि युरोपेली औषधि नियामक निकायले खोपको स्वीकृतिका लागि कम्पनीहरूले दिएको आवेदन स्वीकार गरेको दुवै कम्पनीले बताएका छन् । प्रयोगात्मक खोपलाई हाल पीएफ-०७३०७४०५ नाम दिइएको छ ।

लाइम रोग सङ्क्रमित परजीवी किराले टोकेपछि मानिसमा सर्ने गर्छ । यसबाट छालामा रातो दाग देखिने, ज्वरो आउनेतथारुघाखोकीजस्तालक्षण देखिन सक्छन् । केही अवस्थामा यसले स्नायु प्रणालीमा समेत असर पुऱ्याउन सक्छ । रोग विरलै घातक भए पनि दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउन सक्ने चिकित्सकहरूले बताएका छन् ।

फाइजरकी प्रमुख खोप अधिकारी एनालिजा एन्डरसनले खोपले लाइम रोगबाट जोगिन महत्त्वपूर्ण नयाँ उपाय उपलब्ध गराउन सक्ने विश्वास व्यक्त गर्नुभयो ।

सन् २०२२ मा गरिएको एक अध्ययनले विश्वको कुल जनसङ्ख्याको १४ प्रतिशतभन्दा बढीमा लाइम रोगसँग सम्बन्धित सङ्क्रमण देखिएको अनुमान गरेको थियो । जलवायु परिवर्तनका कारण लामो समयसम्म गर्मी र सुक्खा बढ्दै जाँदा रोग सार्ने परजीवी किराको विस्तार र सङ्क्रमणको जोखिमसमेत बढ्न सक्ने चेतावनी विज्ञहरूले दिएका छन् ।

युरोपमा लाइम रोगको जोखिम रहेका क्षेत्रमा २० करोडभन्दा बढी मानिस बसोबास गर्ने भएकाले खोप विकासलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको वाल्नेभाका प्रमुख कार्यकारी थोमस लिङ्गेलब्याकले बताउनुभयो ।

खोपको अध्ययनलाई स्वीकृति दिइएको खबरपछि शुक्रबार पेरिसको सेयर बजारमा वाल्नेभाको सेयर मूल्य प्रारम्भिक कारोबारमा करिब १६ प्रतिशतले बढेको थियो ।

# ताप्लेजुङ गोल्डकपमा 'प्लेयर अफ द म्याच'लाई अलैँची

**टुडे समाचारदाता**

काठमाण्डु । चौथो ताप्लेजुङ गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगिताको 'प्लेयर अफ द म्याच' ले नगदको सट्टा जिल्लाकै प्रमुख नगदेबाली अलैँची पुरस्कार प्राप्त गर्ने छन् ।



प्रतियोगिताका प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई ७ हजार रुपैयाँ बराबरको अलैँची प्रदान गरिने आयोजक लाखेजात्रा सञ्चालन समितिका वरिष्ठ उपाध्यक्ष अशोक थेबेले जानकारी दिए ।

पुरस्कार फङ्फङ्देन पर्यटन विकास समिति, मिक्वाखोला गाउँपालिका-४ साँवाले प्रायोजन गरेको छ ।

पर्यटन विकास समितिका अध्यक्ष विजय साँवाले बिहीबार ६० हजार रुपैयाँ बराबरको अलैँची आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष सागर मादेनलाई हस्तान्तरण गरे।

ताप्लेजुङ देशकै प्रमुख अलैँची उत्पादन क्षेत्र भएकाले जिल्लाको उत्पादनलाई खेलकुदसँग जोड्दै प्रवर्द्धन गर्ने उद्देश्यले अलैँचीलाई पुरस्कारका रूपमा राखिएको आयोजकले जनाएको छ । यसले प्रतियोगितामार्फत स्थानीय उत्पादनको प्रचारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यसैबीच, घरेलु टोली ताप्लेजुङले प्रतियोगिताका लागि तयारी तीव्र पारेको छ । टोलीका २१ खेलाडीले आठराई त्रिवेणी गाउँपालिका-स्थित चाँगे माध्यमिक विद्यालयको खेलमैदानमा प्रशिक्षण गरिरहेका छन् ।

सदरमुकाम नजिकै रहेको र प्रशिक्षणका लागि मैदान उपयुक्त भएकाले चाँगेलाई यस वर्षको तयारीस्थल बनाइएको वरिष्ठ उपाध्यक्ष थेबेले बताए । टोलीलाई प्रशिक्षक डिके मादेन र रमेश चङबाङले प्रशिक्षण दिइरहेका छन् ।

सो प्रतियोगिता आयोजना हुने भानु जन माविको मैदानमा बाँसको अस्थायी प्यारापिट निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ । आयोजकले प्रतियोगितालाई व्यवस्थित बनाउन तयारीलाई तीव्रता दिएको जनाएको छ ।

लाखेजात्रा पर्वको अवसरमा प्रत्येक वर्ष झैँ हुँदै आएको ताप्लेजुङ गोल्डकपको अन्तर्राष्ट्रिय आमन्त्रण चौथो संस्करण भदौ १२ देखि १९ गतेसम्म सञ्चालन हुने भएको छ ।

# सेन्टकमले "फाल्कन स्ट्राइक" बनाउने

एएफपी । पश्चिम एसियामा द्वन्द्व र सुरक्षा तनाव बढिरहेका बेला अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले अमेरिका र क्षेत्रीय साझेदारका मानवरहित प्रणालीलाई एकीकृत गर्दै पहिलो बहुराष्ट्रिय तथा बहुक्षेत्रीय आक्रमण ड्रोन कार्यदल 'फाल्कन स्ट्राइक' गठन गर्ने योजना सार्वजनिक गरेको छ ।



सेन्टकमका अनुसार नयाँ कार्यदलले समुद्रको सतह, समुद्रभित्र तथा हवाई क्षेत्रमा सञ्चालन गर्न सकिने मानवरहित प्रणालीलाई एकीकृत गर्नेछ । यसमा एकतर्फी आक्रमणका लागि प्रयोग हुने ड्रोनसमेत समावेश हुनेछन् । सेन्टकमले बिहीबार जारी गरेको विज्ञप्तिमा क्षेत्रीय साझेदारलाई समेत कार्यदलमा सहभागी गराउने प्रक्रिया अघि बढाइएको जनाएको छ ।

यो योजना सेन्टकमले 'स्कर्पियन स्ट्राइक' नामक कार्यदल स्थापना गरेको नौ महिनापछि सार्वजनिक भएको हो । अमेरिकी सेनाले स्कर्पियन स्ट्राइकलाई मध्यपूर्वमा स्थापना गरिएको पहिलो समर्पित एकतर्फी आक्रमण ड्रोन कार्यदलका रूपमा वर्णन गरेको छ ।

स्कर्पियन स्ट्राइकले गत वर्ष डिसेम्बरमा अमेरिकी नौसैनिक युद्धपोतबाट पहिलोपटक हवाई आक्रमण ड्रोन प्रक्षेपण गरेको थियो । उक्त कार्यदलले 'अपरेसन एपिक फ्युरी' का क्रममा एकतर्फी मानवरहित हवाई प्रणाली प्रयोग गर्नुका साथै गत जुलाईमा इरानी बन्दरगाहका संरचनामाथि आक्रमण गर्दा मानवरहित आक्रमणकारी जलयानसमेत प्रयोग गरेको थियो ।

सेन्टकमका कमान्डर एडमिरल ब्राड कुपरले फाल्कन स्ट्राइकले स्कर्पियन स्ट्राइकको सफलतालाई थप विस्तार गर्ने बताउनुभएको छ । उहाँका अनुसार क्षेत्रीय सहयोगी र साझेदारबीच विकसित भइरहेका नयाँ प्रविधि तथा क्षमतालाई एकीकृत गरेर प्रयोग गर्दा नयाँ सम्भावनालाई छिटो व्यवहारमा उतार्न सकिनेछ ।

सेन्टकमले क्षेत्रीय देशसँग परामर्श सुरु गरिसकेको छ र कार्यदलमा सहभागी हुन साझेदार राष्ट्रलाई औपचारिक निमन्त्रणा दिइरहेको जनाएको छ । साझेदारहरू सहभागी भएपछि फाल्कन स्ट्राइकले पश्चिम एसियामा आक्रमणकारी ड्रोनको क्षमता विस्तार गर्नुका साथै बहुक्षेत्रीय र बहुराष्ट्रिय प्रतिरोध क्षमता विकास गर्ने अपेक्षा गरिएको छ ।

कुपरले अमेरिकी सेनाको यस क्षेत्रमा बलियो साझेदारी र मित्रराष्ट्र रहेको उल्लेख गर्दै नयाँ क्षमता संयुक्त रूपमा विकास र प्रयोग गर्दा सामूहिक सुरक्षा क्षमता थप बलियो हुने बताउनुभयो ।

'स्कर्पियन स्ट्राइक' सुरु गरेको अमेरिकी विशेष सञ्चालन कमान्ड सेन्ट्रलका कर्मचारीले फाल्कन स्ट्राइकको नेतृत्व गर्नेछन् । कार्यदलमा अमेरिकी तथा क्षेत्रीय साझेदारका प्रतिनिधि रहनेछन् ।

विशेष सञ्चालन कमान्ड सेन्ट्रलको मुख्यालय फ्लोरिडाको टाम्पास्थित म्याकडिल वायुसेना आधारमा रहेको छ । यसले पश्चिम एसिया, मध्य एसिया र दक्षिण एसियासहित सेन्टकमको जिम्मेवारीमा रहेका २१ देशमा विशेष सैन्य अभियानको योजना तथा सञ्चालन गर्दै आएको छ ।

फाल्कन स्ट्राइकको प्रस्तावित स्थापनाले अमेरिकी सेनाले विभिन्न सैन्य क्षेत्रमा मानवरहित प्रणालीको प्रयोग विस्तार गर्दै गएको र क्षेत्रीय साझेदारसँग नयाँ ड्रोन प्रविधि तथा क्षमता एकीकृत गर्ने प्रयास तीव्र पारेको सङ्केत गरेको छ ।

# क्रोएसियामा डढेलो, एक हजार विस्थापित

एएफपी । दक्षिणी क्रोएसियाको तटीय सहर ओमिसमा भीषण डढेलो फैलिएपछि कम्तीमा एक हजार स्थानीय बासिन्दा तथा पर्यटकलाई सुरक्षित स्थानमा सारिएको छ । डढेलो थप फैलिन सक्ने भएकाले प्रभावित क्षेत्रबाट थप मानिसलाई पनि सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था आउन सक्ने ओमिसका मेयर जोन्को मोसिकले शुक्रबार बताउनुभएको छ ।

क्रोएसियाली समाचार संस्था हिनाका अनुसार बिहीबार राति स्थानीय समयअनुसार करिब ८:२१ बजेनजिकैकोलोकवारोगोज्निकामासुरु भएको आगो रातभर ओमिसको माथिल्लो क्षेत्रमा फैलिएको थियो । आगोले धेरै घर तथा सवारीसाधनलाई प्रत्यक्ष जोखिममा पारेको ओमिस स्वयंसेवी अग्नि नियन्त्रण विभागका प्रमुख विसेस्लाभ पेसिकले बताउनुभएको छ ।

आगलागी नियन्त्रणका लागि देशका विभिन्न भागबाट थप जनशक्ति र उपकरण परिचालन गरिएको थियो । रातभर १५७ जना अग्निनियन्त्रक र ४४ वटा दमकलले आगो नियन्त्रणको प्रयास गरेका थिए । क्रोएसियामा लामो समयदेखि जारी भीषण गर्मी र गम्भीर खडेरीका बीच डढेलो फैलिएको हो । हप्तौँदेखि परेको अत्यधिक गर्मीका कारण वनस्पति अत्यन्तै सुक्खा बनेपछि एड्रियाटिक तटीय क्षेत्रमा डढेलो फैलिने जोखिम बढेको छ ।

स्थानीय अधिकारीहरूले आगो नियन्त्रणमा लिन निरन्तर प्रयास भइरहे पनि प्रभावित क्षेत्रमा थप मानिसलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था आउन सक्ने बताएका छन् । गर्मीरसुक्खाकाकारणआगोनियन्त्रणमा चुनौती थपिएको छ ।

## प्रसारण लाइनले आयोजनाले उपलब्ध गरायो सट्टा जग्गा

संखुवासभा । संखुवासभामा २२० केभी प्रसारण लाइन आयोजनाले वन क्षेत्रको जग्गा प्रयोग गरेबापत सट्टाभर्ना जग्गा उपलब्ध गराएको छ ।

नेपाल विद्युत् प्राधिकरणको तुम्लिङटार-सितलपाटी २२० केभी प्रसारण लाइन आयोजनाले वन क्षेत्रको जग्गा प्रयोग गरेबापत डिभिजन वन कार्यालयलाई सट्टाभर्ना जग्गा उपलब्ध गराएको हो ।

प्रसारण लाइन तथा टावर निर्माणका लागि प्रयोग गरिएको राष्ट्रिय वन क्षेत्रको क्षतिपूर्तिस्वरूप आयोजनाले जग्गा खरिद गरी सरकारको नाममा हस्तान्तरण गरेको छ । प्राधिकरणको २८.४८ हेक्टर सट्टाभर्ना जग्गा उपलब्ध गराएको डिभिजन वन कार्यालयका सूचना अधिकारी अधिकारी डम्बर भण्डारीले जानकारी दिनुभयो । आयोजनाले खाँदबारी नगरपालिका-९, ८, २ र १० मा रहेको राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गरेको थियो ।

आयोजनाले पाँचखपन नगरपालिका-४ मा रहेका ७१ वटा कित्ता जग्गा खरिद गरेर हस्तान्तरण गरेको सूचना अधिकारी भण्डारीले बताउनुभयो । आयोजनाले ७१ वटा कित्ताको जग्गा रजिस्ट्रेसन पास गरेर डिभिजन वन कार्यालयलाई केही दिनअघि हस्तान्तरण गरेको हो ।

त्यसैगरी, मकालु गाउँपालिका-५ मा निर्माण हुन लागेको २४.९२ मेगावाट क्षमताको इन्दुवाखोला जलविद्युत् आयोजनाले रुख कटानबापत रु दुई करोड ५२ लाख २५ राजस्व तिरेको छ । मकालु-५ मा निर्माण हुनलागेको आयोजनाले स्याहार, सम्भार र व्यवस्थापनका लागि दुई करोड बढी राजस्व तिरेको वन कार्यालयका सूचना अधिकारी भण्डारीले जानकारी दिनुभयो ।

सो आयोजनामा ६०७ वटा रुख कटान हुनेछन् । जिल्लामा सामुदायिक वनको सङ्ख्या २९० छन् । सङ्खुवासभामा ३८ हजार ४८५ वर्ग किलोमिटर क्षेत्र वनले ओगटेको छ । रासस

# ‘अनि बन्यो बन्दीपुरमा मानकाजीको वन’



काठमाण्डु । तीन दशकअघि तनहुँको बन्दीपुर गाउँपालिका-१ का मानकाजी श्रेष्ठका लागि काठ नै जीविकोपार्जनको मुख्य आधार थियो । काठको व्यापार र उद्योगबाट परिवारको गुजारा चलिरहेको थियो । सुरुसुरुमा उद्योगका लागि चाहिने कच्चा पदार्थ अर्थात् काठ सहजै पाइरहनुहुन्थ्यो । त्यसैले एकदिन काठकै अभावमा आफ्नो उद्योग बन्द गर्नुपर्ने अवस्था आउला भन्ने उहाँले कल्पनासमेत गर्नुभएको थिएन । तर समय सधैँ एउटै रहेन । काठ पाउन जङ्गल चहार्नुपर्ने अवस्था आयो । बजारमा पनि आवश्यक परिमाणमा काठ पाउन कठिन हुन थाल्यो ।

अन्ततः कच्चा पदार्थको अभावमा उहाँको काष्ठ उद्योग बन्द हुने अवस्थामा पुग्यो । उद्योग बन्द हुने पीडाले उहाँलाई निराश मात्र बनाएन, आफ्नै तरिकाले समस्या समाधान गर्ने अठोट पनि जन्मायो । “काठ नै नपाएर उद्योग बन्द गर्नुपर्ने अवस्था अरूलाई नआओस् भन्ने लाग्यो । त्यसपछि आफैँ रुख रोप्छु, आफ्नै वन बनाउँछु भन्ने सोच आयो”, श्रेष्ठ भन्नुहुन्छ । त्यही सोचले उहाँलाई व्यवसायीबाट वन उद्यमीतर्फ डोहोऱ्यायो ।

कृषि उत्पादनका लागि उर्वर मानिएको आफ्नो १२ रोपनी जग्गामा मानकाजीले सालका बिरुवा रोप्न थाल्नुभयो । खेतीयोग्य जमिनमा रुख रोप्न थालेपछि कतिपयले उहाँको निर्णयको आलोचनासमेत गरे । कृषि उब्जनी हुने जग्गा किन वन बनाउन लागेको ? भन्दै प्रश्न उठे । तर मानकाजी आफ्नो निर्णयबाट पछि हट्नुभएन । बुबाको साथ र आफ्नै इच्छाशक्तिले उहाँलाई अघि बढायो । वर्षौंअघि रोपिएका ती साना बिरुवा अहिले ठूला रुख बनिसकेका छन् ।

बिहानको समय आफ्नै हातले हुर्काएको वनमा बिताउँदा मानकाजीलाई आज पनि उत्तिकै आनन्द लाग्छ । “बिरुवा रोप्ने पहिल्यैदेखिको मेरो रुचि र काठ उद्योगमा कच्चा पदार्थ नपाउँदाको पीडाले मलाई वन आफैँ बनाउनुपर्छ भन्ने लाग्यो । त्यसपछि निजी वनमा सालका रुख लगाउन सुरु गरेको हुँ”, श्रेष्ठ भन्नुहुन्छ, “अहिले त एभोकाडो र कागती पनि लगाएको छु ।” अहिले हरेक बिहान आफैँले बनाएका वनका हरियाली हेर्दै स्वच्छ हावाबाट श्वास फेर्दै चिरबिरचिरबिर चराचुरुङ्गीको आवाजमा हराउँदा उहाँलाई अझै बढी आनन्द आउने गरेको सुनाउनुहुन्छ ।

केही वर्षअघि लगाइएका बिरुवा अहिले रुख बनिसकेका छन् । त्यसपछि अहिले थप ३० रोपनी जग्गामा एभोकाडो र कागतीका बोट लगाउनुभएको छ । मानकाजीका लागि हरित अर्थतन्त्र उत्पादनको स्रोत बनेको छ, उहाँको निजी वन । त्यसबेला उहाँलाई आजजस्तो वनबाट आम्दानी लिन सकिन्छ भन्ने लागेको थिएन तर सानैदेखि बिरुवा लगाउने, हरियालीमा गएर बस्न, खेल्न मन पराउने उहाँको स्वभाव थियो । त्यही प्रकृतिको मोहले उहाँलाई वन उद्यमी बनायो ।

पहिला पहिला वनलाई घाँसदाउरा लिन सहज हुन्छ भनेर लगाउने गरिन्थ्यो । वन जीविकोपार्जनमुखी थियो । व्यवसायीमुखी बन्दै जान थालेको छ । “बिरुवा रोप्ने पहिल्यैदेखिको मेरो रुचि र काठ उद्योगमा कच्चा पदार्थ नपाउँदाको पीडाले मलाई वन आफैँ बनाउनुपर्छ भन्ने लाग्यो, अनि निजी वनमा सालका रुख लगाउन सुरु गरेको हुँ, अहिले त एभोकाडो र कागती पनि लगाएको छु”, मनकाजी श्रेष्ठ भन्नुहुन्छ, “अहिले त म काठमाडौँमा छु । तर मलाई कहिले घर पुगेर आफ्नो वन वरपर घुमौँ जस्तो भइसक्यो । वरपर घुम्दा पनि एकदमै रमाइलो लाग्छ ।”

रुखको सङ्ख्या यकीन गर्न उहाँलाई नै गाह्रो छ । श्रेष्ठका अनुसार अहिले वनमा रहेका रुखको मूल्य मात्रै हेर्दा लाखौँ रुपैयाँ बराबरको सम्पत्ति तयार भएको छ । “रुखहरू त थुप्रै छन्, गनेर साध्य नै छैन”, श्रेष्ठ भन्नुहुन्छ, “अहिले राम्रोसँग काटेर बेच्न पाउने व्यवस्था भयो भने आधा करोड मूल्य बराबरका रुख बेच्न मिल्ने अवस्थामा छन् ।” एउटा रुख काट्दा त्यसको ठाउँमा नयाँ रुख हुर्काउने र वनलाई निरन्तर उत्पादनशील बनाइराख्ने उहाँको सोच छ । “यदि १० वटा रुख काटियो भने २० वटा त हुर्काउनुपऱ्यो नी !”, उहाँ भन्नुहुन्छ ।

### बुबाको प्रभावले बनायो वन उद्यमी

उहाँका बुबाको पालादेखि नै घर वरिपरि विभिन्न प्रजातिका रुखबिरुवा रोप्ने गरिएको थियो । त्यसैको प्रभाव आफूमा पनि परेको श्रेष्ठको भनाइ छ । “घर वरिपरि पनि रुखबिरुवा रोप्न असाध्यै मन लाग्थ्यो”, उहाँ भन्नुहुन्छ, “बुबाहरूको पालादेखि नै रुखबिरुवा रोपिराख्नुहुन्थ्यो ।” पछि उहाँ आफैँ काष्ठ उद्योगमा जोडिनुभयो। उहाँका अनुसार २०४६/४७ सालतिरै काष्ठ उद्योग सञ्चालनमा थियो ।

उद्योगका लागि काठ आवश्यक पर्न थालेपछि जङ्गल खोज्दै हिँड्नुपर्ने अवस्थाको अन्त्य गर्न आफैँ बिरूवा रोप्न अग्रसर हुनुभएको हो मानकाजी । काठको आवश्यकता र वनसँगको आफ्नो रुचि जोडिँदै गएपछि श्रेष्ठले आफ्नै जग्गामा रुख हुर्काउने योजनालाई बुबाले साथ दिनुभयो । आफ्नै जग्गामा सुरूमा साल, सिसौलगायतका रुख रोप्न थाल्नुभयो ।

### सालको वनमा लाखौंको सम्भावना

श्रेष्ठको निजी वनमा प्रायः सालका रुख छन् । उहाँले लामो समयदेखि सालका रुख संरक्षण गर्दै आउनुभएको छ । वनमा रहेका सालका रुख हुर्किसकेका छन् । झरेका सालका पात पनि ठूलो परिमाणमा छन् । श्रेष्ठको वन उद्यमबाट आर्थिकोपार्जनको सपना काठमा मात्र सीमित छैन । सालको पातबाट दुनाटपरी उत्पादन गर्ने योजना पनि उहाँको छ ।

सालको पातलाई सामान्यतया वनमा झरेर कुहिने वस्तुका रूपमा हेर्ने गरिए पनि उहाँ त्यसलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने सम्भावना देख्नुहुन्छ । दुनाटपरी उत्पादनका लागि आवश्यक मेसिन, लागत र बजारबारे अध्ययन गरेर स्थानीयलाई रोजगारी दिने उहाँको योजना छ । “सालका पातबाट दुनाटपरी बनाउने र स्थानीयलाई रोजगारी दिने मेरो इच्छा छ”, उहाँ भन्नुहुन्छ ।

वनमा उत्पादन हुने हरेक वस्तुलाई आर्थिक मूल्यमा रूपान्तरण गर्ने श्रेष्ठको योजना प्रशंसनीय छ । सालको रुखबाट काठसँगै पात अर्को उत्पादन बन्न सक्छ । फलफूलले थप आम्दानी दिन सक्छ । यसरी एउटै वन स्रोतबाट विभिन्न प्रकारका आर्थिक गतिविधि सिर्जना गर्न सकिने उहाँको सोच छ । वन हुर्काउन वर्षौं लाग्छ । बिरुवा रोपेको केही समयमै आम्दानी आउँदैन । संरक्षण, गोडमेल, व्यवस्थापन र लामो प्रतीक्षापछि मात्रै रुखले आर्थिक मूल्य प्राप्त गर्छ । श्रेष्ठ निजी वनलाई दीर्घकालीन लगानीका रूपमा बुझ्नुपर्ने बताउनुहुन्छ ।

“रुख हुर्काउनेलाई प्रोत्साहन चाहिन्छ, र काटेर बजारमा बेच्न सहज रूपमा जहिले जतिबेला पनि आउने कानुन व्यवस्था भएमा अझै उत्साह बढ्छ”, उहाँ भन्नुहुन्छ, “आफैँले रोपेको बिरुवा आफैँले काट्न पाइएन भने त उत्साह पनि हुँदैन नी ।”

श्रेष्ठको गुनासो भने निजी वनको उत्पादन बजारसम्म लैजाने क्रममा देखिने प्रक्रियागत झन्झटिलोपनमा छ । उहाँका अनुसार निजी वनसम्बन्धी कानुनी व्यवस्था भए पनि व्यवहारमा रुख कटान तथा उपयोगका क्रममा विभिन्न प्रक्रिया र अवरोधले निजी वनधनीलाई निरुत्साहित बनाउने गरेको छ ।

“निजी वनमा राम्रो सम्भावना छ, तर सरकारी सम्बन्धित निकायबाट अझै सहज वातावरण बन्नुपर्छ”, उहाँ भन्नुहुन्छ ।

श्रेष्ठ निजी वनमा लामो समय श्रम र लगानी गरेका व्यक्तिलाई प्रोत्साहन गर्नुपर्ने पक्षमा हुनुहुन्छ । निजी वनबाट उत्पादन हुने काठ तथा अन्य वन पैदावारलाई व्यवस्थित रूपमा बजारमा लैजान सकिएमा यसले आयात घटाउन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनसक्ने उहाँको विश्वास छ ।

नेपालमा ठूलोमात्रामा वन स्रोत रहे पनि त्यसको उपयोगबाट पर्याप्त आर्थिक लाभ लिन नसकिएको मानकाजी बताउनुहुन्छ । “वनपैदावार निजी वनमा छन्, सामुदायिक वनमा छन्, कबुलियती वनमा छन्”, उहाँ भन्नुहुन्छ, “तर व्यवस्थापनसम्बन्धी राम्रो नीति नहुँदा धेरै वन पैदावार कुहिएर जाने अवस्था छ ।”

### बाँदरबाट जोगाउन एभोकाडो

वनसँगै मानकाजीले विभिन्न फलफूलका बिरुवा लगाउने योजना बनाउनुभयो । तर पछिल्लो समय बाँदरले हैरानी बनायो । घरघर आएर तरकारी, फलफूल तथा अन्य कृषि बालीमा हानि गर्न थाल्यो । बाँदरको समस्याबाट जोगाउन उहाँलाई एभोकाडो रोप्ने योजना बनाउनुभयो । “अन्य फलफूल खेती गरौँ भने बाँदरबाट जोगाउन नसकिने । एभोकाडो चाहिँ बाँदरले नखाने रहेछ”, श्रेष्ठ भन्नुहुन्छ, “विस्तारै हामीले बाँदरले नखाने खेतीको विकल्प खोज्नुपर्ने बेला आएको छ ।”

कागती र एभोकाडो संरक्षण गर्न उहाँले तारजाली लगाउनुभएको छ । गाईबस्तुले बिरुवा नष्ट गर्नसक्ने भएकाले करिब २०-३० रोपनी क्षेत्रफल जालीले घेरेर खेती विस्तार गरिरहेको श्रेष्ठको भनाइ छ । यसले उहाँको वन व्यवस्थापनको सोचलाई अझ फराकिलो बनाएको छ । वनबाट काठ मात्रै नभएर प्रकृति संरक्षण, फलफूल, गैरकाष्ठ वन पैदावार र अन्य उत्पादनलाई समेटेर आयआर्जन गर्न सकिने क्षेत्र पनि हो भन्ने उहाँको अभ्यासले देखाउँछ ।

नेपालमा रोजगारीको खोजीमा ठूलो सङ्ख्यामा युवा विदेश जाने अवस्था रहेका सन्दर्भमा स्थानीय स्रोतमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्ने उहाँको धारणा छ । श्रेष्ठका अनुसार सरकारले वन स्रोतमा आधारित साना तथा मझौला उद्योग सञ्चालनका लागि सहज वातावरण बनाउनसके ग्रामीण क्षेत्रमा रोजगारीका अवसर विस्तार गर्न सकिन्छ । श्रेष्ठको वनबाटै आर्थिक समृद्धिको सम्भावना बोकेको प्रतिनिधिमूलक उदाहरण हो । उहाँको यही सफल अभ्यासलाई कदर गर्दै वन तथा भू-संरक्षण विभागले निजी वन राष्ट्रिय पुरस्कारबाट यही साता श्रेष्ठलाई रु ५० हजार राशिसहित पुरस्कृत गरेको छ ।

### वनलाई हरित अर्थतन्त्रको आधार बनाइने

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले वनलाई संरक्षणसँगै आयआर्जन र रोजगारीको प्रमुख आधारका रूपमा विकास गर्ने सरकारको नीति रहेको बताउनुभएको छ । उहाँले ‘हरियो वन, नेपालको धन’ भन्ने अवधारणाको सार्थक कार्यान्वयन गर्ने समय आएको उल्लेख गर्दै वनसम्पदालाई आयआर्जनको प्रमुख स्रोतका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ । “वनजन्य उद्योग, जडीबुटी प्रशोधन, पर्या-पर्यटन र कार्बन व्यापारमार्फत वन सम्पदाबाट स्थानीय समुदायले आर्थिक लाभ लिन सक्छन्,” मन्त्री चौधरीले भन्नुभयो, “वनमा आधारित उद्यम विकासलाई प्राथमिकता दिँदै वनजन्य उत्पादनको मूल्य अभिवृद्धि, प्रशोधन र बजारीकरणसँगै हरित रोजगारी सिर्जनामा जोड दिएका छौँ ।” मन्त्री चौधरीले काठ, बाँस तथा गैरकाष्ठ वन पैदावारलगायत स्वदेशी उत्पादनको दिगो उपयोग र प्रवर्द्धनलाई प्रोत्साहन गरिने बताउनुभयो ।

### नेपालमा पाँच हजार बढी निजी वन

वन विभागका वन अधिकृत विजय ढकालले नेपालमा पाँच हजार ५१४ वटा निजी वनले दुई हजार ९८९ दशमलव १० हेक्टर ओगटेको जानकारी दिनुभयो । “सबैभन्दा बढी कोशी प्रदेशमा दुई हजार २२२ वटा निजी वन रहेका छन् । यसैगरी मधेसमा एक हजार १९५, बागमतीमा ६६८, गण्डकीमा ४२३ लुम्बिनीमा ५३७, कर्णालीमा १७० र सुदूरपश्चिममा २९९ वटा निजी वन रहेका छन्”, उहाँले भन्नुभयो । राष्ट्रिय वन नीति २०७५ मा फलफूललगायत कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिकोपार्जनको माध्यमको रुपमा विकास गर्ने उद्देश्य राखिएको छ ।

# तातोपानी नाका पूर्ण रुपमा सञ्चालनमा आउन सकेन



सिन्धुपाल्चोक । तातोपानी नाका पूर्ण रुपमा सञ्चालनमा आउन सकेको छैन । सडक अवरुद्ध भएपछि तातोपानी नाकामार्फत हुने आयातनिर्यात प्रायः ठप्प भएको छ ।

बाह्रबिसे-कोदारी सडकखण्डका विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि उक्त नाका २६ दिनदेखि पूर्ण रुपमा सञ्चालनमा आउन नसकेको हो । बाह्रबिसे-कोदारी खण्डको कुल लम्बाइ २६ किलोमिटर छ । भोटेकोसी गाउँपालिका-२ स्थित कोदारी (इको) क्षेत्रको सडकखण्डमा असार ३१ गते आएको पहिरोले सडक भासिएपछि दुई देशबीचको सडक सञ्जाल टुटेको छ । नेपाल र चीनलाई जोड्ने उत्तरी सिमानाको यो मार्ग अन्तरराष्ट्रिय व्यापारिक मार्ग हो ।

अरनिको राजमार्ग डाक्लाङमा साउन ३ गतेदेखि र लिपिङ बजार नजिकै साउन १९ गतेदेखि वर्षाका कारण सडक अवरुद्ध भएको छ ।

तातोपानी भन्सारमार्फत हुने आयातनिर्यात पूर्ण रूपमा ठप्प हुँदा नेपाल मात्रै होइन, चीनतर्फका गोदाम र सडकमा रोकिएका मालवस्तु पनि नेपाल भित्रिन सकेका छैनन् । अरनिको राजमार्गको कोदारी, डाकलाङलगायत स्थानमा पहिरो जानेक्रम अझै रोकिएको छैन ।

उक्त भन्सार कार्यालयका भन्सार अधिकृत दिपेन्द्रप्रकाश गिरीले चालु आर्थिक वर्षका लागि सरकारले रु २५ अर्ब २५ करोड राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरको छ, भन्नुहुन्छ ।

“सडक अवरुद्ध हुनेक्रम जारी छ । भन्सारबाट कुनै काम हुन सकेको छैन”, प्रमुख भन्सार अधिकृत गिरीले भन्नुभयो, “दुई देशबीचको व्यापारमा मात्र होइन आवतजावत गर्न कठिन भएको छ ।” भोटेकोसीको लार्चामा रहेको तातोपानी सुक्खा बन्दरगाह पहरोमुनि भएकाले माथिबाट पहिरो झर्ने गरेको छ ।

सडक अवरुद्ध हुँदा दसैँ, तिहारलक्षित सामान, स्याउ, लसुनजस्ता फलफूल र विभिन्न उद्योग निर्माणका सामान बोकेका कन्टेनर चीनको सिगर्चे, ल्हासा र न्यालमलगायत सहरमा रोकिएको भन्सार कार्यालयले जनाएको छ । करिब ५०० कन्टेनर चिनियाँ क्षेत्रमा र नेपालतर्फ कोदारीमाथि ४६ कन्टेनरमा करिब रु २० अर्ब बढीको सामान रोकिएका छन् ।

तातोपानी नाकाबाट व्यापार गर्ने व्यवसायी ठूलो समस्यामा परेको सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष बुद्धराज बस्नेतले बताउनुभयो ।

व्यवसायीसँगै ६४० को सङ्ख्यामा मजदुर र ट्रान्सपोर्ट तथा भन्सारसम्बन्धी कामकाज गर्ने ३०० कामदारको कामसमेत गुमेको छ ।

सिन्धुपाल्चोक उद्योग वाणिज्यसङ्घ,नेपालहिमालयसीमापार वाणिज्य सङ्घलगायतका व्यापारिक सङ्घसंस्थाले विज्ञप्तिमार्फत उत्तरी नाका खुलाउन अनुरोध गरेका छन् ।

उत्तरी नाकाको छोटो र सहज मानिएको तातोपानीबाट विशेषतःतयारी पोशाक, जलविद्युत् आयोजनाका हेभी इक्विपमेन्ट, तथा कृषि औजार, ब्याग, जुत्ता, चप्पल, स्टेशनरी, फर्निचर, खेलौना, फलफूल, शृङ्गारका सामग्री, बीउबिजन, इलेक्ट्रिक गाडी, कम्प्युटर पार्ट्स्, उद्योगको कच्चा पदार्थलगायत वस्तु आयात हुने गरेको छ ।

“नेपाली बजारमा पाइने धेरै उपभोग्य वस्तु चीनबाट आयात हुने गरेको छ”, हिमालयन सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुलीले भन्नुभयो, “तर सरकारले नाकालाई सहज बनाउन ध्यान दिएको देखिएन । यसबाट व्यवसायी मारमा परेका छन् ।” धेरै व्यवसायीले हरेक वर्ष झन्झट बेहोर्दा आर्थिक रुपमै धरासायी भएको उहाँले बताउनुभयो ।

चाडबाडको मुखमा आयात व्यापारको आकार ठूलो हुने भए पनि सडक अवरुद्ध हुँदा बर्सेनि यस्तो समस्या आउने गरेको छ । गत वर्ष पनि असारदेखि असोजसम्म सोही स्थानमा सडक अवरुद्ध हुँदा दसैँ र तिहारका लागि आयात गरिएका मालवस्तु नेपाल भित्रन पाएका थिएनन् ।

डिभिजन कार्यालयका चरिकोटका प्रमुख ई नारायणदत्त भण्डारीले डाकलाङ, घट्टेखोला र इको पहिरोका कारण आवतजावत गर्न कठिन भएको बताउनुहुन्छ ।

इको पहिरो नियन्त्रण गर्न चिनियाँ अनुदान प्राप्त भए पनि समयमै काम सुरु नहुँदा सास्ती खेप्नुपरेको भोटेकोसी गाउँपालिकाका अध्यक्ष पासाङ नुर्पु शेर्पा बताउनुहुन्छ ।

“पहिरो नियन्त्रण कसरी गर्ने ? सडक डिभिजन कार्यालय चरिकोटले खटाएका मेसिन र कर्मचारीले काम गरेर सडक बन्ने सम्भावना छैन”, उहाँले भन्नुभयो, “इको पहिरो भासिएर तत्काल बनाउन सकिने अवस्था छैन । भासिएको जमिनमाथि कोदारी थामी गाउँ छ । जहाँ ६० परिवार बस्छन् । जमिन जतिजति भासिन्छ, बस्ती उति जोखिममा पर्छ । भासिएको हिलो भोटेकोसी नदीले बगाएर लान्छ । चारकिलोको पहिरोमाथि पनि पन्थली गाउँ छ । त्यही ५० भन्दाबढी घर छन् । ठूला मेसिनको थर्कावटले गाउँ बग्ने जोखिम छ । तलबाट उठाएर सडक बनाउने ठाउँ छैन ।” प्रत्येक वर्ष वर्षायाममा पहिरो जाने गरेका कारण दुई देशबीच व्यापार गर्न समस्या पर्दै आएको छ ।

“वर्षा सुरु हुनेबित्तिकै माथिबाट लेदो बगेर सडक नै बगाइदिने समस्याका कारण व्यवसायीहरु मर्कामा छन्”, भोटेकोसी गाउँपालिका-२ का वडाध्यक्ष कुमार श्रेष्ठले भन्नुभयो, “जब वर्षा लाग्छ, पहिरो जान्छ अनिमात्रै काम सुरु गर्ने परिपाटीले सास्ती भोग्नु परिरहेको छ ।” रासस

# पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरिने

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले मुलुकको पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को आज यहाँ आयोजित ५९ औँ वार्षिक साधारणसभामा उहाँले वर्तमान सरकार पर्यटन क्षेत्रको विकासका निम्ति लागिपरेको बताउनुभयो ।

देशको पर्यटन क्षेत्रको विकासका खातिर नीतिगत र संरचनागत समस्या समाधान गर्न आफू क्रियाशील रहेको बताउँदै मन्त्री पौडेलले निजी क्षेत्रसँगको साझेदारीमा राष्ट्रलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)ले स्नातक र स्नातकोत्तर तहमा आरोग्य पर्यटनसम्बन्धी अध्यापनको व्यवस्था गर्न लागेको मन्त्री पौडेलले जानकारी दिनुभयो ।

फरक प्रसङ्गमा पर्यटनमन्त्री पौडेलले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने बताउनुभयो । रासस

PLAN INTERNATIONAL
Until we are all equal

**Invitation to Tender**

**Ref: ERO-001-026/27**

**Published Date: 15 August, 2026**

**Supply of Hotel Services at Dhanusha, Sindhuli, Mahottari, Siraha Sarlahi and Saptari**

Plan International Nepal is an independent International development and humanitarian organization working with development partners in coordination with stakeholders to advance children’s rights and equality for girls. It has been working in Nepal since 1978 and currently working in 13 districts.

**Plan International Nepal, East Regional Office, Janakpur** invites to submit sealed bids from interested registered hotels in the Government of Nepal for services as mentioned above.

**The detailed tender documents can be downloaded from** https://plan-international.org/nepal/procurement-nepal

**Deadline for Submission**

Hardcopy of sealed bids should be deposited into the Tender Box separately, clearly mentioning Tender Reference No. with heading, **before 5:00 PM of 04 September, 2026** to the address as mentioned below.

Plan International Nepal
East Regional Office
Janakpurdham-4, Bisahara chowk, Dhanusha, Nepal
Phone:041-590050

Say Yes ! To Keeping Children and Programme Participants Safe and Protected

# मधेशका कर्मचारीहरुको तलब १० प्रतिशत बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेश निजामती तथा स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने निर्णय गरेको छ ।

शुक्रवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश भवनमा बसेको मन्त्रिपरिषद्को बैठकबाट आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्यको बुँदा नम्बर १११ मा गरिएको नीतिगत व्यवस्था अनुसार साउन १ गतेदेखि लागू हुने गरी कर्मचारीको तलब बढाउने निर्णय गरिएको हो ।

कर्मचारीको नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड स ्या स्वीकृत गरेको मन्त्री परिषद्का प्रवक्ता अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) बमोजिम निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिने उनले बताए ।

त्यसैगरी, प्रदेश सरकारले कर्मचारीलाई कार्यसम्पादनका आधारमा सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने कार्यविधि पनि स्वीकृत गरेको छ । कार्यसम्पादन मूल्यांकनमा १०० अंकमध्ये कम्तीमा ७५ अंक प्राप्त गर्ने कर्मचारीले मात्रै यस्तो भत्ता पाउने बैठक पश्चात मुख्यमन्त्री कार्यालयद्धारा जारी विज्ञप्तिमा जनाइएको छ ।

कार्यसम्पादन मूल्यांकनमा कार्य विवरण परिसूचकलाई ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाह परिसूचकलाई ५० अंक दिइएको छ । प्रोत्साहन भत्ता प्राप्त गर्न विद्युतीय हाजिरी अनिवार्य गरिएको छ । मूल्यांकन, रुजु तथा सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय परीक्षण इकाइ गठन गर्न सिफारिस गरिएको छ ।

बैठकले सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न 'मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३' समेत स्वीकृत गरेको छ । निर्देशिकाले सरकारी बजेट कार्यान्वयन र खर्चलाई व्यवस्थित गर्दै फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने सरकारको अपेक्षा छ ।

त्यस्तै, जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको 'क्लाइमेटिक एडाप्टेसन इन्भेस्टमेन्ट प्लानिङ फर क्लाइमेट रेजिलियन्ट भ्यालु चेन्स फर फुड सिस्टम ट्रान्सफर्मेसन इन मधेश प्रदेश, नेपाल' सम्बन्धी अध्ययन प्रतिवेदन पनि मन्त्रिपरिषद्ले सर्वसम्मतिले अनुमोदन गरेको छ ।

प्रतिवेदनका निष्कर्ष र रणनीतिलाई कार्यान्वयनमा ल्याउने तथा सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा सार्वजनिक गर्ने निर्णयसमेत बैठकले गरेको छ । यसबाट मधेशको कृषि तथा खाद्य प्रणालीलाई जलवायु उत्थानशील बनाउन राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग पुग्ने सरकारका अर्थमन्त्री भट्टराईले बताए ।

यसैगरी प्रदेश सरकार तथा अन्य सार्वजनिक निकायले प्रयोग गर्दै आएका सरकारी सवारी साधनको खरिद, सञ्चालन, व्यवस्थापन, मर्मत तथा रेखदेखलाई व्यवस्थित गर्न छुट्टै मापदण्ड बनाउने निर्णय भएको छ ।

त्यसका लागि विभिन्न मन्त्रालयका प्रतिनिधि रहने गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गरिनेछ । समितिले १५ दिनभित्र आवश्यक कार्यविधिको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेस गर्नुपर्नेछ ।

# आचार्यविहीन भयो, जनकपुरधामको गुरुकुल

ब्लग :



श्यामसुन्दर शशि

साहित्यकार, संस्कृतिविद्, पूर्वीय दर्शनका व्याख्याता, मैथिली विकास कोषका संस्थापक अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालयको आङ्गिक कलेज रामस्वरुप रामसागर बहुमुखी क्याम्पसका अवकाश प्राप्त सह-प्राध्यापक डा.राजेन्द्रप्रसाद विमलको साउन २६ गते मंगलवार बिहान १ वजे ७९ वर्षको आयुमा निधन भएको छ । मैथिली, नेपाली, हिन्दी र अङ्ग्रेजी वाङमयमा विभिन्न विधाका डेढ दर्जनभन्दा अधिक पुस्तकका लेखक डा.विमलको अवसानसंगै जनकपुरधामस्थित 'साहित्य गुरुकुल' आचार्यविहीन बनेको छ ।

डा.विमल नेपाली, मैथिली र हिन्दी विषयका स्नात्कोत्तर थिए । अङग्रेजी भाषामा पनि उहाँको गजबको दखल थियो । भाषा, साहित्य, कला, संस्कृति, पूर्वीय र पश्चात् दर्शन, समाजशास्त्र, लोक साहित्य, तन्त्र, रहस्यवाद आदि विषयको जिज्ञासा शान्त गर्न जिज्ञासुहरु उहाँको गुरुकुलमा जान्थे । राराब क्याम्पसबाट अवकाश भएपछि, जनकपुरधाम- १० देवी चोकस्थित उहाँको घर गुरुकुल जस्तै थियो । सबैका लागि खुला । घरमा आउँने जिज्ञासुलाई चिया-नास्ता खुवाएर ज्ञान बाड्ने डा. विमल साहित्य गुरु जीवनाथ झापछिका तेश्रो र डा. धीरेश्वर झा 'धीरेन्द्र' पछिका दोश्रो आचार्य थिए । जहाँ वात्सायणको कामशास्त्र तथा चार्वाकको नास्तिक दर्शनमाथि पनि बहस हुन्थ्यो । याज्ञवल्य संघीयतादेखि गीता दर्शनसम्मका विषयमा छलफल हुन्थ्यो । साहित्य, समाज र राजनीतिका विभिन्न वाद, मिथिला संस्कृतिको पुनरुत्थान माथि बहस हुन्थ्यो अनि छलफल हुन्थ्यो- नेपाली राजनीतिका बिपी, गणेशमान, मदन भण्डारी, प्रचण्डदेखि जेन-जी आन्दोलनसम्मका विषयमा ।

'डा. विमल एउटा कम्पलिट पैकेज हुनुहुन्थ्यो । भाषा, साहित्य, कला, संस्कृतिसँगै लोकसाहित्य, दर्शन, समाजशास्त्रजे विषयमा जिज्ञासा राख्दा तर्कपूर्ण जवाफ दिनुहुन्थ्यो । नयाँ साहित्यकारहरुलाई प्रोत्साहित गर्नु र पुरानाहरुलाई सचेत गराउनु हुन्थ्यो ।' साहित्यकार रोशन जनकपुरीको प्रतिक्रिया थियो ।

भाषा विज्ञानमा विद्यावारिधि गर्नु भएका डा. राजेन्द्र विमलको अवसानसंगै साहित्यकारहरुको तेश्रो पुस्ताको गुरुकुल आचार्यविहीन बनेको छ । मिथिला नाट्यकला परिषद्का अध्यक्ष सुनिल कुमार मल्लिकको प्रतिक्रिया थियो- 'जनकपुरधाममा विद्वान त धैरै छन्, तर उहाँ गुरु पनि हुनुहुन्थ्यो ।? हो, पनि आफै अध्ययन गर्ने, लेख्ने र निजी पद-प्रतिष्ठाका लागि मरिहत्ते गर्ने गुरु हुनै सक्दैनन् । गुरु त ज्ञान बाड्ने, जिज्ञासाहरुलाई तर्क र प्रमाणसहित शान्त गर्ने पो हुनु पर्दछ ।

स्वर्गीय विमललाई मंगलबार राजकीय सम्मानका साथ गंगासागरस्थित स्वर्गद्वारीमा अन्तिम संस्कार गरिएको थियो । जेठो छोरा डा. आभास लाभ (सुपरिचित गायक) दागवत्ति दिएका थिए । अन्तिम यात्रामा संघीय सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडगराज पौडेल (साहित्यको नाम गनेस पौडेल), संघीय सांसद मनिष झा, प्रदेश प्रमुख तथा स्वर्गीय विमलका कान्छो भाई डा. सुरेन्द्र लाभ, मधेश प्रदेशका सभामुख रामाशीष यादव, प्रदेश सरकारका मन्त्रीहरु मनोज कुमार सिंह, श्यामप्रसाद पटेल, शारदा देवी थापा, जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साहसंगै सयौं नगरवासीको उपस्थित थिए । श्रद्धाञ्जलीको क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री तथा साहित्यकार गनेस पौडेलले आफ्नो पहिलो उपन्यास 'पैताला' लेख्दै गर्दा स्वर्गीय विमलको गुरुकुलमा एक महिनादीक्षा लिएको खुलासा गरेका थिए । तन्त्र, तान्त्रिक दर्शन तथा रहस्यवादमा आधारित पैताला नेपाली वाङ्मयका चर्चित उपन्यास हुन् ।

मार्च १९४७ मा जनकपुर नगरपालिका- १० देवी चोकमा जन्मिनु भएका डा. विमल २०२९ सालदेखि राराब क्याम्पसमा नेपाली विषयका प्राध्यापक थिए । छ वर्षको छ'दा हिन्दीमा पहिलो पद जोड्न भ्याएका थिए । मसंगको भेटमा उनले भनेका थिए- 'सानोमा म अलि बदमास थिए रे... । एक दिन मेरो बाबूजी मलाई कुट्नु भयो । अनि मनको पिडा पोख्न मैले हिन्दीमा पद जोडें-

*'अब दुःख सहा नहि जाता विधाता*
*घरमे जो आता तो बाबू पिताता*
*स्कूलमे पिटाई खाता, विधाता*
*अव दुःख सहा नहि जाता विधाता'*

१२ वर्षको उमेरमा उनको पहिलो लघु कथा 'आर्यावर्त हिन्दी दैनिक' मा प्रकाशित भएको थियो । १५ वर्षको उमेरमा आर्यावर्तमै प्रकाशित 'कचनार के पेंड' हिन्दी कथा निकै लोकप्रिय भएको थियो । यसै वर्ष मिथिला मिहीर (सुविख्यात् मैथिली मासिक) मा 'मुईल बच्चा' कथा प्रकाशित भएको थियो । एसएलसीको परीक्षा पछिको फुर्सदमा 'चान अहा' उदास छी' उपन्यास लेखेको डा. विमल मसंगको भेटमा जानकारी दिएका थिए ।

डा. विमलद्वारा लिखित इतिहासक घाउ र ई हमरे कथाथिक (मैथिली कथा संग्रह), सरबरियाटोल (नेपाली



स्व.डा.राजेन्द्रप्रसाद विमल

कथा संग्रह), बौवाक पोथी (बाल साहित्य), सूर्यास्तसँ पहिने (मैथिली गीत-गजल संग्रह),गद्य,पद्य र नाटक (नेपाली आलोचना), नेपाल परिचय नवनित (नेपाली), नयाँ जनकपुर नयाँ श्री जानकी (नेपाली), फिस्टीरानी (नेपाली बाल साहित्य), राजेन्द्र विमलका कथाहरु (नेपाली), मिथिलाको ईतिहास, संस्कृति र कला परम्परा (नेपाली), समयका आँखा (नेपाली कथा संग्रह) नेपाली र मैथिली वाङ् मयका अनमोल धरोहरहरु हुन् । उनि मिथिलाक व्यथा (पहिल मैथिली टेलि श्रृंखला) तथा हंसा चलल परदेश टेलिफिल्महरुको कथानकसंगै खाली हाथ, जयबाब भूंइया र सीता नाटकका लेखक पनि हुन् । जनकपुरका सन्त साहित्यका रामप्रिया शरणद्वारा लिखित सीतायण महाकाव्यको सम्पादन गरेका थिए ।

नेपाल सरकारद्वारा गठित नेपाल विद्यापति पुरष्कार कोषद्वारा प्रदान गरिने २ लाख राशिको नेपाल विद्यापति मैथिली भाषा, साहित्य पुरष्कार (२०६८) द्वारा पुरष्कृत हुने उनि पहिला स्रष्टा थिए । यसका अतिरिक्त जगदम्बा श्री पुरष्कार, राष्ट्रिय प्रतिभा पुरस्कार,गोपालप्रसाद रिमाल सम्मान, कुलचन्द्र कोईराला स्मृति साहित्यिक समारोह सम्मान, वैद्यनाथ सियादेवी मैथिली पुरस्कार, साझा प्रकाशन पुरस्कार लगायतका दर्जनौ पुरष्कार तथा सम्मानले उनि विभूषित थिए ।

२०६६ सालमा मदन पुरष्कार गुठीले डा. विमललाई जगदम्बा श्री पुरष्कार दिने घोषणा गर्दा उहाँलाई पहिलो सूचना दिनै मै थिएँ । म उहाँको घरमा पुग्दा उनि आफ्नो अध्ययन कक्षमा प्राज्ञ रमेशरंजन झा, मिनाप अध्यक्ष सुनिल मल्लिक तथा साहित्यकका विद्यार्थी राजेन्द्रसंग एक फिल्मको पटकथाको विषयमा छलफल गर्दै थिए । गंजी र लुंगी लगाएका डा.विमललाई मैले 'जगदम्बाश्री' पुरष्कारको वारेमा जानकारी दिदा, उनलाई पत्यार लागेन । भावावेशमा उनले आफ्नो मातृभाषामा भने–'हमरा विश्वास अछि तों हमरास' मजाक नहि करवह मुदा यदि ई बात सत्य अछि त ई हमर असफल जिनगीक पहिल खुसी हएत ।'

## जनकपुरधाममा गुरुकुल परम्परा

प्राचीनमिथिलामाजनककालदेखिगुरुकुलरशस्त्रार्थ परम्परा रहेको विदित्तै छ । यो परम्परा कर्णाटकाकाल (सन् १०९७-१३५४) र मकवानपुरको सेनकाल (सन् १२५८-२१ अगस्ट १७६२) मा पनि कायम थियो । आधुनिक जनकपुरमा पनि यस परम्पराले निरन्तरता पायो । १७ हौं शताब्दीको पूर्वार्धमा जानकी मन्दिरका आदिमहन्त सूरकिशोर दास र राममन्दिरका आदिमहन्त चर्तुभुज गिरी जनकपुर आएका थिए । दुबै साधुको जनकपुर आगमनसँगै आधुनिक जनकपुरको रुपरेखा तयार भएको थियो । आरम्भमा अनौपचारिक शिक्षाबाट शुरु भएको शिक्षा प्रणाली विसं विसं. १९६६ मा याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय स्थापनासँगै संस्थागत स्वरुप ग्रहण गरेको थियो । अनौपचारिक र औपचारिक शिक्षा दिने शिक्षक (गुरुजी)हरु साहित्य, कला, संस्कृति आदि विषयमा वहस-छलफल चलाउनु हुन्थ्यो । वहस-छलफल प्रायः गुरुजीहरुको निजी निवासमै हुन्थयो । जसलाई अनौपचारिक गुरुकुल नाम दिइएको हो ।

जनकपुरधामको पहिलो गुरुकुल साहित्यगुरु जीवनाथ झाको आश्रमलाई मानिन्छ । उनी संस्कृतगुरुका रुपमा सन् १९५० को दशकमा जनकपुर आएका थिए । उनि मैथिली र संस्कृतका विद्वानसंगै कवि र नाटककार पनि थिए । उनले जनकपुरधामको साहित्यलाई सन् १९५० देखि सन् १९६१ सम्म आचार्यको रुपमा नेतृत्व गरेका थिए । इतिहासकार प्रफुल्ल कुमार सिंह 'मौन' पं.जीवनाथ झालाई आधुनिक नेपालको पहिलो मैथिली कवि भनी टिप्पणी गरेका छन् । जीवनाथ झा क्रियाशील रहेकै वेला १ अगस्ट १९६१ मा रामस्वरुप रामसागर बहुमुखि क्याम्पसको मैथिली प्राध्यापकको रुपमा डा.धीरेश्वर झा 'धीरेन्द्र' को जनकपुरधाम आगमन भएको थियो । उनी मैथिलीका प्राध्यापक भए पनि हिन्दी र अंग्रेजीका विद्वान थिए । डा. धीरेन्द्रको जनकपुर आगमनसँगै जनकपुरको साहित्य नवयुगमा प्रवेश गरेको थियो । डा. धीरेन्द्रको आश्रममा संचालित दोश्रो गुरुकुलसन् १९६१ देखि १९९७ सम्म चलेको थियो । अवकासपछि उनि भारत फर्केका थिए । सन् १९९७ पश्चात् जनकपुरका साहित्यकारहरुको गुरुकुलका आचार्य थिए- डा. राजेन्द्रप्रसाद विमल । मैथिलीसँगै नेपाली, अङ्ग्रेजी र हिन्दी साहित्यकासमेत जानकार रहेकाले उहाँको गुरुकुलमा बहुभाषाका साहित्यकारहरु जिज्ञासुको रुपमा भेला हुने गरेका थिए । डा.विमलको स्वर्गारोहनसँगै जनकपुरको गुरुकुल आचार्यविहीन बनेको छ ।

## मिटरब्याज मुद्दामा साह परिवारका तिनैजना थुनामा

# गोविन्दको मुद्दामा पुर्पक्ष अन्य पाँच मुद्दामा एक/एक लाख धरौटीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी आरोपमा पक्राउ परेका धनुषाका एकै परिवारका तीन जनालाई जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।



जनकपुरधाम उपमहानगरपालिका-१६, कपिलेश्वरका ५३ वर्षीय गोपाल साह, उनकी भाइबुहारी ४८ वर्षीया रेखा कुमारी साह र रेखाका ३२ वर्षीय छोरा हरेराम साहलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो । ती मुद्दामा आरोपित भनिएका बलराम साह भन्ने फरार रहेका छन् ।

जिल्ला अदालत धनुषाको इजलास नम्बर ११ मा न्यायाधीश हिरामाया अवालको एकल इजलासले बिहीबार साह परिवारविरुद्ध दायर भएका ६ वटा मुद्दामध्ये वादी गोविन्द साहले दायर गरेको मुद्दामा तीनै जनालाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएको हो ।

जिल्ला अदालत धनुषाका श्रेस्तेदार दीपक पोखरेलका अनुसार बाँकी पाँचवटा मुद्दामा प्रतिवादीलाई जनही एक लाख रुपैयाँ धरौटी माग गरिएको छ ।

मिटरब्याजसम्बन्धी उजुरीका आधारमा प्रहरीले साह परिवारका सदस्यलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो । अनुसन्धान पूरा भएपछि उनीहरूलाई अदालतमा उपस्थित गराइएकोमा अदालतले तत्काल प्राप्त प्रमाणका आधारमा तीनै जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो ।

अदालतको आदेशमा वादी गोविन्द साहको जाहेरी, जाहेरवालासहित रामरतन पासमान, रामऔतार साह र रोहितकुमार साहले दिएको घटना विवरण, प्रतिवादीहरूले बयानका क्रममा जाहेरवालालाई रकम दिन तथा दिलाउने कार्य स्वीकार गरेको विवरणलगायतका प्रमाणलाई आधार बनाइएको उल्लेख छ ।

त्यस्तै, कि.नं. ७१३ को जग्गा प्रतिवादी रेखा कुमारी साहको नाममा दर्ता कायम रहे पनि हालसम्म जाहेरवाला रेणु साहकै हकभोगमा रहेको भन्ने सर्जमिन मुचुल्का तथा जनकपुरधाम उपमहानगरपालिका-१६ नम्बर वडा कार्यालयको पत्रलाई समेत अदालतले प्रमाणका रूपमा लिएको छ ।

अडियो क्लिपमा भएको कुराकानी वास्तविक रहेको प्रतिवादीहरूले समेत स्वीकार गरेको र मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा उनीहरूलाई अहिले नै निर्दोष भन्न सकिने अवस्था नरहेको अदालतको आदेशमा उल्लेख छ ।

अदालतले थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम तीनै जनालाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको हो ।

अदालतको आदेशपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी गोपाल साह र हरेराम साहलाई जलेश्वर कारागार पठाइएको छ । जलेश्वर कारागारमा महिला बन्दी राख्ने व्यवस्था नभएकाले रेखा कुमारी साहलाई सिन्धुली कारागार पठाइएको श्रेस्तेदार पोखरेलले जानकारी दिए । मुद्दाको अन्तिम फैसला भने हुन बाँकी छ ।

साह परिवारविरुद्ध बहरु राउतले गोपाल साह, रामरती देवी, रामझरी देवी लाई प्रतिवादी बनाई रिट दायर गरेका थिए भने भने गोविन्द साहले हरेराम साह, रेखा साह, गोपाल साह, बलराम साहविरुद्ध रिट दायर गरेका थिए ।

यस्तै मो. कासिमको रिटमा रेखा साह र हरेराम, निलम कुमारीको रिटमा पनि रेखा साह र हरेराम, मो. युसुफ राईन र राजीवकुमार सिंह दनुवारको को रिटमा गोपाल साहलाई प्रतिवादी बनाइएको थियो । फरार भनिएका बलराम साह रेखा साहका श्रीमान हुन ।

# फरार प्रतिवादी ४३ वर्षपछि पुजारीको भेषमा पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । कर्तव्य ज्यान मुद्दामा ४३ वर्षदेखि फरार रहेका एक वृद्धलाई सिरहा प्रहरीले पक्राउ गरेको छ ।

हत्या घटनामा अदालतबाट कैद सजाय पाएपछि पुजारीको भेषमा लुकिछिपी बसेको आएका फरार रहेका लक्ष्मीपुर पतारी गाउँपालिका-५ खरुक्याहीका ८० वर्षीय ठकाई यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार यादवलाई बिहीबार आफ्नै गाउँस्थित शिवमन्दिरबाट पक्राउ गरिएको हो । उनी लामो समयदेखि साधुबाबा तथा पुजारीको भेषमा मन्दिरमा बस्दै आएको प्रहरीको भनाइ छ ।



प्रहरीका अनुसार २०४१ साल वैशाख १ गते खरुक्याहीमा वैशाखे मेलाका क्रममा मन्दिरमा बोका चढाउने विषयमा विवाद भएको थियो । सोही विवादका क्रममा यादवसहित ११ जनाले स्थानीय रजिन्द्र यादवलाई घेरा हाली कुटपिट गरेका थिए । कुटपिटबाट गम्भीर घाइते भएका रजिन्द्रको मृत्यु भएको थियो । घटनापछि यादवसहितका प्रतिवादीविरुद्ध कर्तव्य ज्यान मुद्दा चलेको थियो । अदालतले यादवलाई एक वर्ष कैद सजाय सुनाएपछि उनी सजाय भुक्तान नगरी फरार भएका थिए । लामो समयसम्म फरार रहेका यादव गाउँमै पुजारीको भेषमा लुकीछिपी बस्दै आएको सूचना पाएपछि प्रहरीले निगरानी बढाएको थियो ।

सोही क्रममा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । पक्राउपछि यादवलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत सिराहामा बुझाइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुार घटनामा संलग्न अन्य फरार प्रतिवादीमध्ये ११ जनाकै मृत्यु भइसकेको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८